का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० साउन २०८१,
आइतबार
4 August, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १७३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



विस्तृत समाचार ७मा पृष्ठ

# तोडियो तगारो

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १९ साउन

काभा महिला भलिबल नेसन्स लिग भलिबल प्रतियोगितमा नेपालले पहिलो पटक भारतलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको खेलमा भारतलाई ३-२ को सेटमा पराजित गर्दै नेपालले ऐतिहासिक जित दर्ता गराएको हो ।

प्राय: हरेक खेलमा भारत नेपालको तगारो बन्दै आएको छ । दक्षिण एसियाली भलिबलमा नेपालले अन्य सबै टोलीलाई हराउँदै आएको भएपनि अहिलेसम्म भारतलाई हराउन सकेको थिएन । तर यसपटकको काभा नेसन्स लिगमा भने नेपाल भारतको तगरो हटाउन सफल भएको छ ।

> हरेक खेलमा भारत नेपालको तगारो बन्दै आएको छ । दक्षिण एसियाली भलिबलमा नेपालले अन्य सबै टोलीलाई हराउँदै आएको भएपनि अहिलेसम्म भारतलाई हराउन सकेको थिएन । तर यसपटकको काभा नेसन्स लिगमा भने नेपाल भारतको तगारो हटाउन सफल भएको छ ।

शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको खेलमा भारतलाई ३-२ को सेटमा पराजित गर्दै नेपालले ऐतिहासिक जित दर्ता गराएको हो । नेपालले पहिलो सेट २५-१८ ले जित्दा दोस्रो सेट भारतले २५-१७ ले जितेको थियो । तेस्रो सेट फेरि नेपालले २५-१७ ले जित्दा चौथो सेट भारतले २५-१८ ले जित्यो । तर पाँचौं सेट नेपालले १५-१३ ले आफ्नो पक्षमा पार्दै ऐतिहासिक जित निकाल्यो ।

# सत्ता नपाए ‘मिसन ८४’

> राजनीतिक दलहरु सके सत्तामा बस्ने नसके अर्को चुनावको तयारीमा लाग्ने नीति बनाउनेमा केन्द्रित भएका छन् । कुनै पनि दल पाँचै वर्ष सरकार बाहिर बस्न तयार नहुँदा राजनीतिक स्थिरता नभएको बुझाइका बीच आधा कार्यकाल कटेको छ । हाल प्रतिपक्षमा पुगेको माओवादी केन्द्र र रास्वपालगायतका दलहरु विगतमा प्रतिपक्षमा नेपाली कांग्रेस र नेकपा एमालेले जस्तै मिसन ०८४ मा केन्द्रित हुने भनिरहेका छन् ।




दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १९ साउन ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी २०८४ मा हुने चुनावमा केन्द्रित हुने भएको छ । सत्ताबाट बाहिर आएपछि आगामी रणनीति तय गर्न बसेको रास्वपाको कार्यशालाले अर्को वर्षदेखि स्थानीय तहको चुनाव केन्द्रित राजनीतिक गतिविधि हुने भएकाले आफूहरु पनि त्यसमै केन्द्रित हुनुको विकल्प नरहेको निष्कर्ष निकालेको हो ।

राजनीतिक दलहरू सके सत्तामा बस्ने नसके अर्को चुनावको तयारीमा लाग्ने नीति बनाउनेमा केन्द्रित हुने गरेका छन् । कुनै पनि दल पाँचै वर्ष सरकार बाहिर बस्न तयार नहुँदा राजनीतिक स्थिरता नभएको बुझाइका बीच आधा कार्यकाल कटेको छ । हाल प्रतिपक्षमा पुगेको माओवादी केन्द्र र रास्वपा लगायतका दलहरु विगतमा प्रतिपक्षमा नेपाली कांग्रेस र नेकपा एमालेले जस्तै मिसन ०८४ मा केन्द्रित हुने भनिरहेका छन् ।

रास्वपाले गोप्य रुपमा गरको छलफलकै आधारमा यस्तो निष्कर्ष निकालेको हो । चुनावको तयारीका लागि रास्वपाले छायाँ स्थानीय सरकार नै बनाउने भएको छ ।

७५३ वटै पालिकामा छायाँ सरकार बनाएर स्थानीय तहको समस्या, वर्तमान सरकारले गरिरहेको काम, भएका अनियमितता र आगामी दिनमा गर्न सकिने कार्यको विषयमा बहस चलाउने गरी रास्वपाले स्थानीय तहमा छायाँ सरकारको अवधारणा लागू गर्न लागेको हो ।

संघमा छायाँ सरकारको अभ्यास यदाकदा हुने गरेको छ । २०४८ सालमा एमालेले छायाँ सरकारको अध्यास गरेको थियो । २०७४ सालको चुनावपछि कांग्रेसले पनि संघमा छायाँ सरकारको अभ्यास गरेको थियो ।

तर, स्थानीय सरकारमा छायाँ सरकारको अभ्यास भएको छैन । नेपालमा स्थानीय सरकारको अवधारणा लागू भएको नेपालको संविधान २०७२ अनुसार २०७४ सालमा चुनाव भएपछि नै हो ।

संविधान अनुसार चुनाव भएर पनि एक कार्यकाल सकिएर दोस्रो कार्यकाल त्यो पनि प्रदेश र प्रतिनिधि सभाको चुनाव अगाडि २०७९ असारमा उदाएको रास्वपाले २०८४ मा हुने चुनावका लागि भने स्थानीय तहबाटै उपस्थिति देखाउनुपर्ने निचोड निकालेको छ ।

स्थानीय सरकारमा बलियो उपस्थिति देखाउन सके त्यसले प्रदेश र प्रतिनिधि सभाको चुनावमा सहयोग पृष्ठ २ मा

# कामै नगरी भुक्तानी !

मनोज कुमार साह/मध्यान्ह
रौतहट, १९ साउन ।

स्थानीय तहमा अनियमितता हुने संख्या अधिक रहेको महालेखा परीक्षक कार्यालयको प्रतिवेदनसहित विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन् । अनियमितताको प्रकृति भने फरक-फरक रहेको पाइन्छ ।

रौतहटको कटहरिया र फतुवा बिजयपुर नगरपालिकामा कामै नगरी भुक्तानी दिलाउने कार्य भएको दाबी स्थानीयले गरेका छन् ।

रौतहटको कटहरिया नगरपालिका र फतुवा बिजयपुर नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृत र लेखापालको मिलोमत्तो रहेको आशंका स्थानीयको छ ।

कटहरिया नगरपालिकामा औषधि खरिद गर्न ७० लाख रुपैयाँ भुक्तानी भएको छ । कतिपयले यसमै आशंका गरेका छन् । गत असार महिनामा नगरपालिकाले औषधि खरिदको सबै प्रक्रिया पूरा गरी भुक्तानी दिइसकेको छ ।

कटहरिया नगरपालिका वाड नं. ४ का वडाध्यक्ष चन्दन कुशवाहालाई औषधि खरिदको भुक्तानी दिइएको हो । प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रमान प्रधानले औषधि खरिद गरी भुक्तानी दिइसकेको र औषधि जिन्सी शाखामा राखिएको बताएका छन् ।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख शंकर राय यादव औषधि खरिदबारे कुनै जानकारी नरहेको बताउँछन् । यादव भन्छन्, ‘औषधि खरिदबारे मलाई कुनै जानकारी छैन तर फाइल रुजु गर्न दबाब आइरहेको छ ।’

जिन्सी शाखा प्रमुख सन्तोष साहले स्वास्थ्य शाखा प्रमुख यादवलाई फाइलमा हस्ताक्षर गर्न, जिन्सी

> रौतहटको कटहरिया र फतुवा बिजयपुर नगरपालिकामा कामै नगरी भुक्तानी दिलाउने काम भएको छ ।

शाखाबाट औषधि बुझेको भरपाइमा हस्ताक्षर आग्रह गरेको बताइन्छ । निलम्बित नगरप्रमुख अजयप्रकाश निकटका मानिसहरूले स्वास्थ्य शाखाप्रमुखलाई ७० लाखको औषधि खरिदको सम्पूर्ण प्रक्रिया मिलाउन भनेका छन् ।

निलम्बित नगरप्रमुखले नै साहलाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिएका थिए ।

जिन्सी प्रमुख साह औषधि खरिद भएको, पृष्ठ २ मा




## वैदेशिक रोजगार विशेष

# राहदानी विभाग र फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगलमा, राहदानी सेवा शुरु

भरत प्रधान/मध्यान्ह
लिस्बन, १९ साउन



पोर्चुगलमा रहेका नेपालीलाई राहदानी सेवा दिन राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोली पोर्चुगल आइपुगेको छ । विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि आवेदन संकलन गर्न विभागका निर्देशक मोतिबहादुर श्रीस नेतृत्वको तीन सदस्यीय टोली बिहीबार राजधानी लिस्बन आइपुगेको हो ।

टोलीले लिस्बनस्थित गैरआवासीय नेपाली संघ पोर्चुगलको हलमा ‘घुम्ती सेवा शिविर’ सञ्चालन गरेर शुक्रबारदेखि सेवा दिन शुरु गरेको छ । सेवा शुरु भएसँगै शिविरमा सेवाग्राही नेपालीको घुइँचो लाग्न थालेको छ । शुक्रबार पहिलो दिन राहदानीको म्याद सकिसकेका, म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका, हराएका र पोर्चुगलमा जन्मेका नेपाली बालबालिकाका गरी एक सय ८३ जनाको ‘बायोमेट्रिक’ विवरण संकलन गरिएको टोली प्रमुख एवम् विभागका निर्देशक मोतिबहादुर श्रीसले जानकारी दिए ।

नयाँ राहदानी बनाउन छ हजारले अनलाइन आवेदन भरेकाले सोही संख्याको हाराहारीमा दरखास्त संकलन हुने अनुमान गरिएको निर्देशक श्रीसले बताए । समयमै काम सक्ने गरी सेवा पृष्ठ २ मा

# असन्तुष्ट सभामुख



> संविधान कार्यान्वयनका लागि आवश्यक कानून नबनेको भनेर सार्वजनिकरुपमा कतिपयले प्रश्न उठाइरहेका बेला सभामुख घिमिरेले नै कानून निर्माणको गतिसँग आफू सन्तुष्ट हुन नसकेको बताएका हुन् ।

शिव विक/मध्यान्ह
काठमाडौं, १९ साउन ।

सभामुख देवराज घिमिरे कानून निर्माण गर्ने प्रतिनिधि सभाको मुख्य जिम्मेवार हुन् । तर उनी आफैँ कानून निर्माणको गतिसँग आफू सन्तुष्ट छैनन् । ताप्लेजुङ सरोकार केन्द्रले शनिबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै सभामुख घिमिरेले आफूले विधेयक निर्माणलाई गति दिन संसदीय विषयगत समितिका सभापतिहरूसँग संवाद गरेको बताए ।

विविध कारणले कानून निर्माणल गति नलिएको तर अब यसले गति लिने आफ्नो विश्वास रहेको बताए । सभामुख घिमिरेले गत बिहीबार संसददीय विषयगत समितिका सभापतिहरूसँग संवाद गरेका थिए ।

त्यसक्रममा उनले संसद प्रभावकारी बनाउन संसदीय समिति सक्रियतामा निर्भर रहने बताएका थिए । संसदीय समितिको सक्रियता सभापतिको भूमिकामा निर्भर उल्लेख गर्दै भनेका थिए, ‘अहिले संसदमा विधेयक छैन । त्यो भनेको खास बिजनेस छैन । बिजनेस नभएपछि संसद चलाउन सकिँदैन । संसदलाई बिजनेस दिने वातावरण तयार गर्नहोस् ।’

सभापतिहरुले समितिमा विधेयक रहेको, तर जटिल प्रकृतिका रहेको बताए । ‘कतिपय विधेयकमा राजनीतिक समिति चाहिएको छ । सभामुखबाट सहजीकरण हुने अपेक्षा गर्दछु’ प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले भनेका थिए ।

प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार सकितिका सभापति बिमला सुवेदीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० साउन २०८१, आइतबार
4 August 2024, Sunday

# तराई मधेशमा बालविवाहको स्थिति भयावह

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १९ साउन



तराई मधेशमा बालविवाहको स्थिति भयावह रहेको पाइएको छ । मधेशको शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बालविवाह गराइने क्रम बढ्दो छ ।

कानूनले तोकेको उमेर २० वर्ष पुरा नगरी गराइने बालविवाह समाजिक अपराधको रुपमा रहेपनि यस क्षेत्रमा बालविवाह न्यूनीकरण हुन सकिरहेको छैन ।

कानूनले बालविवाह दण्डनीय रहेको निर्दिष्ट गरेपनि सामाजिक एवं सांस्कृतिक परम्परा अनुसार गराइने बालविवाहविरुद्ध मानिसहरु प्रहरीमा उजुरी चढाउँदैनन् । त्यसकारण बालविवाहको स्थिति सरकारी तथ्यांकभन्दा वास्तविकतामा भयावह देखाउँछ । यसैबीच सप्तरीमा विवाहका लागि कानूनले तोकेको उमेर पुरा नगरी एक जोडीले प्रेमविवाह गरेका छन् । साउन ११ गते घरबाट फरार भइ मन्दिरमा विवाह गरेका उनीहरुमध्ये केटी नाबालिका रहेको पाइएको छ ।

स्थानीयहरुका अनुसार केटाकेटी एउटै वंशभित्रको नातामा पर्ने हुन् । यसकारण उनीहरू अभिभावकको मञ्जुरीबिना विवाह गरेको बताउँछन् । स्थानीयको भनाइमा उनीहरूले कुन ठाउँको मन्दिरमा विवाह गरेको भनेर खुलेको छैन ।

जिल्लाको महादेवा गाउँपालिका-५ दुर्गापुर टोलका अन्दाजी १७ वर्षीय बिनोद कुमार मण्डल खत्वेले आफ्नै नातामा पर्ने नाबालिकालाई भगाएर प्रेम विवाह गरेको हो । साउन ११ गते घरबाट भागेका उनीहरू मन्दिरमा विवाह गरेको पाइएको छ । उनीहरू विवाह गरेको फोटो फेसबुकमा सार्वजनिक गरेपछि बालविवाह गरेको खुलेको हो ।

नाबालिकाकी बुबाले छोरीलाई बेपत्ता बनाइएको भन्दै जिल्ला प्रहरी कार्यालयमा अनुसन्धान गरी खोजी गरिदिन उजुरी चढाएको पाइएको छ । उजुरीपछि अनुसन्धान थालेको प्रहरीले स्थानीय दुईजना युवकलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको छ ।

प्रहरीले घरबाट भगाउन सहयोग गरेको आरोपमा महादेवा गाउँपालिका-५ दुर्गापुर टोलका अन्दाजी २० वर्षीय भोला कुमार खंग र शिवशंकर खंगलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक अवधेश यादवले केटाकेटीको खोजी कार्य जारी रहेको बताएका छन् । उनका अनुसार नाबालिकाकी अभिभावकले प्रहरीमा खोजतलाशका लागि उजुरी दर्ता गराएपछि दुई जनालाई पक्राउ गरी अनुसन्धान भइरहेको छ । घरबाट भागेका उनीहरू फेला परेपछि नाबालिकको बयानका आधारमा कारबाही अगाडि बढाइने उनले बताए ।

सामाजिक एवं सांस्कृतिक परम्परा अनुसार गराइने बालविवाहविरुद्ध प्रहरीमा उजुरी नआउँदा न्यूनीकरणमा समस्या देखिएपनि उमेर पुरा नगरी अन्तरजातमा गरिने प्रेमविवाह, भागिविवाहविरुद्ध अभिभावकले मात्रै उजुरी दिने गरेको पाइन्छ ।

बालविवाह अन्त्यका लागि तीनै तहका सरकारले कडाइसाथ नीति निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । बालविवाह अन्त्यका लागि तिनै तहका सरकार प्रतिबद्ध भएर समुदायमैत्री कानून निर्माण गरी यसलाई अन्त्य गर्न सकिन्छ ।

# रातो मच्छिन्द्रनाथको भोटो जात्रा देखाइँदै

**काठमाडौं/मस**–वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको भोटो आज देखाइने भएको छ ।



भोटो जात्रालाई करिब आठ सय वर्षअघिसम्म जावलाखेल जात्रा भनिन्थ्यो । जा (भात) वला (छर्ने) भएकाले यसलाई जावलाखेल जात्रा भन्ने गरिएको रातो मच्छिन्द्रनाथको भोटो जात्राको साइत हेर्ने काममा सक्रिय हुँदै आएका नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वसदस्य कीर्तिमदन जोशीले जानकारी दिए । भूत, प्रेतलाई खाना दिन यो जात्रा गरिएको विश्वास छ ।

भोटो जात्रा शुरु भएको यकिन तिथिमिति अहिलेसम्म पत्ता नलागेको उनले बताए । मच्छिन्द्रनाथको यात्रा भने करिब एक हजार तीन सय वर्षअघि नै शुरु भएको हो । किंवदन्तीअनुसार यो यात्रा शुरु भइसकेपछि नागराज कर्कोटककी रानीको आँखा दुख्यो । कर्कोटक वैद्यको खोजीमा लागे । खेतमा काम गरिरहेका किसानलाई वैद्य ठानी नागलोक अर्थात् टौदह लगे । डराएका किसानले मच्छिन्द्रनाथको प्रार्थना गरी हात माडेर मयललाई औषधिका रूपमा कर्कोटकलाई दिए । औषधिले रानीको आँखा दुख्ने रोग निको भयो । पुरस्कारस्वरुप मणि माणिक्यले युक्त भोटो किसानलाई दिएर मनुष्यलोकमा फर्काइयो । किसानले भोटो खेतको डिलमा राखेर काम गर्न थाले ।

मनुष्यरुपी भूत आएर भोटो लग्यो । किसानले खोजे । पाएनन् । मच्छिन्द्रनाथको जात्रा हेर्न जाँदा आफूले पुरस्कारस्वरुप पाएको भोटो मनुष्यका रूपमा आएको भूतले लगाएको देखेर किसानले दाबी गरे । भूतले दिन नमानेपछि विवाद भयो । कर्कोटक नागलाई समेत बोलाएर सोधखोज गरियो । अन्तिममा भोटोको अधिकारी दुवै हुन नसक्ने निष्कर्ष निकाली मच्छिन्द्रनाथको जिम्मा लगाइयो ।

आधिकारिक प्रमाणसहित आउनेलाई भोटो दिन रातो मच्छिन्द्रनाथको रथयात्रा सकेपछि भोटो जात्रा गर्ने परम्परा बस्यो । त्यो वर्षदेखि प्रत्येक साल साइत हेरेर भोटो देखाउने गरिएको जनविश्वास छ । अहिलेसम्म कसैले प्रमाण जुटाएर भोटो लैजान नसकेको किंवदन्ती छ ।

पछिल्लो समय गुठी संस्थान ललितपुरका प्रतिनिधिले राष्ट्राध्यक्षको उपस्थितिमा भोटो देखाउने जात्रा गरिँदै आएको छ । यो जात्रा हेर्न आइतबार राष्ट्रपति रामचन्द्र पौडेल जाने छन् । यस अवसरमा सरकारले आज उपत्यकामा सार्वजनिक बिदा दिएको छ ।

# भण्डारी सेवा समाज रघुवंशी कौशिक गोत्रीय रामेछापको प्रथम सम्मेलन सम्पन्न




**काठमाडौं/मस**–भण्डारी सेवा समाज नेपाल रघुवंशी कौशिक गोत्रीय रामेछापको ऐतिहासिक प्रथम सम्मेलन सम्पन्न भएको छ ।

बागमती प्रदेश समितिका उपाध्यक्ष गणेश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष वीर बहादुर भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विशिष्ट अतिथि प्रमुख संरक्षक जीवन कुमार भण्डारी, संरक्षक निवर्तमान अध्यक्ष केशर बहादुर भण्डारी(अर्जुन), वरिष्ठ उपाध्यक्ष राम कुमार भण्डारी, उपाध्यक्ष तथा बागमति प्रदेश र तराई मधेश प्रदेश इन्चार्ज कुमार भण्डारी, महासचिव राधाकृष्ण भण्डारी, उपमहासचिव बद्री कुमार भण्डारी, सचिव रोज कुमार भण्डारी, निवर्तमान महासचिव माधव भण्डारी, वरिष्ठ सदस्य थिर बहादुर भण्डारी, कृष्ण भण्डारी, रामकाजी भण्डारी, केन्द्रीय सदस्य राम भण्डारी (निरेश), नर बहादुर भण्डारी, रबिन भण्डारी, डम्बर भण्डारी, टिकाध्वज भण्डारी, बिमला भण्डारी, ओमजंग भण्डारी, रमेश काजी भण्डारी, बागमती प्रदेश समिति अध्यक्ष दिलिप भण्डारी, तराई मधेश प्रदेश अध्यक्ष बिक्रम भण्डारी लगायत अतिथिहरुको आतिथ्यता रहेको थियो ।

सम्मेलनले हेम बहादुर भण्डारी (रमेश) को अध्यक्षतामा ३८ सदस्यीय कार्यसमिति चयन गर्नुका साथै रबिन्द्रनाथ भण्डारीको संयोजकत्वमा २७ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । सम्मेलनमा केन्द्रीय उपाध्यक्ष एवम् बागमती प्रदेश तथा तराई मधेश प्रदेश इन्चार्ज कुमार भण्डारीले नयाँ कार्य समितिलाई बधाइ तथा शुभकामना दिएका थिए ।

# सेनाका जवानले आफैंलाई हाने गोली

**नवलपरासी/मस**–नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा कार्यरत नेपाली सेनाका एक जवानको आफैंले चलाएको गोली लागेर मृत्यु भएको छ ।

कावासोती नगरपालिका-७ बाँदर झुलामा रहेको नयाँ गोरख गण 'ख' गुल्म अमलटारी सेक्टर बाँदर झुला पोस्टमा कार्यरत नेपाली सेनाका जवान २२ वर्षीय सुदीप मिजारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)का प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलले जानकारी दिए ।

'धादिङ गल्छी गाउँपालिका-४ घर भई श्री गोरखगण कसरा चितवन दरबन्दी भइ हाल नयाँ गोरख गण 'ख' गुल्म अमलटारी बाँदर झुला पोस्टमा कार्यरत रहेका मिजारले शनिबार दिउँसो कोत घरमा रहेको ५ दशमलव ५६ एमएमको मिनी गनले आफैंले आफ्नो घाँटीमा गोली प्रहार गरेको पाइएको छ', उनले भने ।

घटनाबारे जानकारी पाउन साथ जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेको र घटनाबारे अनुसन्धान शुरु गरेको प्रहरी नायव उपरीक्षक पौडेलले जानकारी दिए ।

# काभ्रेमा उत्पादित आलुको 'ब्राण्डिङ'

**काभ्रेपलाञ्चोक/मस**–प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा काभ्रेमा आलुको 'ब्राण्डिङ' थालिएको छ । आलुको 'हब' मानिने पनौती नगरपालिका-३ कुशादेवीमा आलु भण्डारणसहित 'प्याकेजिङ' थालिएको हो ।



'आलु सुपरजोन'का रूपमा जिल्लाको चिनारी बनाउन तथा यहाँको आलुको गुणस्तरीयतालाई प्रचारप्रसार गर्न स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी ब्रान्डिङ गर्ने ध्येयले प्याकेजिङ शुरु गरिएको जनाइएको छ । प्रारम्भिक चरणमा हाल दुई किलो, तीन किलो र पाँच किलो तौलमा आलुको प्याकेजिङ हुने गरी ब्राण्डिङ शुरु गरिएको खाद्यान्न तथा बीउ आलु, अलैंची, फलफूल नर्सरी उद्योगका सञ्चालक राजेन्द्र थापाले बताए । उनका अनुसार स्थानीयस्तरमा उत्पादित आलुको ब्रान्डिङसहित बजारीकरण थालिएको हो ।

भण्डारणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सुपरजोन)को आर्थिक सहयोगमा भण्डारण कक्ष निर्माणसहित प्याजिङ गरिएको आलु बजारीकरण शुरु गरिएको थापाले बताए ।

उद्योगलाई भण्डार कक्ष र प्याकेजिङ सुरुवातका लागि परियोजनाले गत आवमा पहिलो चरणमा १४ लाख सहयोगमा गरेको थियो । केही दिनअघि आलु प्याकेजिङलाई जिल्लास्थित बजार पठाइएकाले मागको अवस्थाबारे अनुगमनसमेत गर्न थालिएको उद्योगका अर्का सञ्चालक शशी अधिकारी बताउँछन् ।

उद्योगले 'काभ्रेको चिनारी : पोषिलो आलुको तरकारी'को नारासहित हाललाई प्रतिकेजी ८० का दरले प्याजिङ गरिएको आलु बजार पठाएको हो । उनका अनुसार उद्योगले फरकफरक जातको आलु 'ग्रेडिङ' गरी बजार पठाएको छ ।

उपभोक्ताले आफूलाई मन पर्ने जातको आलु किनेर लैजान सक्नेगरी प्याकेजिङ गरेको जनाइएको छ । सुपरजोन समन्वय समितिका प्रमुख सुमन नेपालले ठुक्क भएर काभ्रेपलाञ्चोकमा प्याकेजिङ गरिएको आलु खान आग्रह गरेका छन् ।

उनका अनुसार यस आलु ब्राण्डिङ कार्यक्रमले अन्य व्यावसायिक कृषकलाई उत्प्रेरण मिलेको पाइएको छ । आलु सुपरजोन कार्यालयले काभ्रेपलाञ्चोकमा आलुको उत्पादन तथा उत्पादनमा वृद्धि, मल्चिङ प्रविधिलगायतमा सहयोग आएको जनाएको छ आलुको बिउ र मल्चिङ तथा नस्ल सुधार लगायतमा कार्यक्रम कार्यालयले सञ्चालन गर्दै आइरहेको छ ।

कार्यालय प्रमुख जय महतोले आगामी दिनमा जिल्लाको अन्य क्षेत्रमा आलुको प्याकेन्जिङ र ब्राण्डिङ बिस्तार गर्न कार्यालयले सहजीकरण गर्ने बताए । जिल्लाको पाँचखाल, मण्डनदेउपुर, पनौती, बनेपा तथा नाला आलु उत्पादन हुने प्रमुख क्षेत्र हुन् ।

# थापाथलीमा दुर्घटना हुँदा एक जनाको मृत्यु

**काठमाडौं/मस**-काठमाडौं महानगरपालिका-११ थापाथलीमा शनिबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

माइतीघरबाट थापाथलीतर्फ जाँदै गरेको बा२८प ४८६७ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ गइरहेको मधेस प्रदेश०0३-००१क २५१९ नम्बरको पानी ट्यांकरले ठक्कर दिँदा मोटरसाइकलमा सवार ६२ वर्षीय सरस्वती तुलाधरको मृत्यु भएको हो ।

ट्यांकरको ठक्करबाट घाइते उनको उपचारका क्रममा नर्भिक इन्टरनेसनल अस्पतालमा मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ । घट्टेकुलो निवासी मोटरसाइकलका चालक ६९ वर्षीय ध्रुवराज तुलाधर घाइते भएका छन् ।

ठक्कर दिने ट्यांकरका चालक धादिङ गजुरीका रामकुमार तामाङलाई नियन्त्रणमा लिएको काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता विश्वराज खड्काले जानकारी दिए ।

# धार्चे पहिरोमा बेपत्ता युवकको शव फेला

**गोरखा/मस**–उत्तरी गोरखाको धार्चे गाउँपालिका-५ सिङ्लास्थित रेसेमा पहिरोमा बेपत्ता भएका थप एक जनाको शव सात दिनपछि फेला परेको छ ।

आरुघाट गाउँपालिका-८, लामागाउँका २४ वर्षीया रमेश परियारको शव शनिबार बिहान भेटिएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवम् प्रहरी नायव उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिए ।

परियारको शव घटनास्थलदेखि करिब दुई किलोमिटर तल रेसे खोलामा फेला परेको प्रनाउ श्रेष्ठले बताए । ट्याक्टर चालक परियार घटनाको अघिल्लो दिन शनिबार साँझ रेसेमा पुगेर स्थानीय जीतबहादुर गुरुङको कृषि फार्ममा बास बस्ने क्रममा राती गएको पहिरोमा परेर बेपत्ता भएका थिए ।

गत आइतबार रेसेमा गएको भीषण पहिरोमा परेर पाँच जना बेपत्ता भएका थिए । बेपत्ता भएका ७० बर्षीय सुलाल कान्छा गुरुङ, ३७ वर्षीय जीतबहादुर गुरुङ, ३३ वर्षीय रेशम गुरुङ र ३५ वर्षीय कान्छी गुरुङको यसअघि नै शव फेला परेको थियो । पहिरोमा परेर सोही ठाउँका ३५ वर्षीय दिलीप गुरुङ र २७ वर्षीय खमबहादुर गुरुङ घाइते भएका थिए ।

## सत्ता...

पुऱ्याउने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को क्लोज क्याम्पको निष्कर्ष छ । यही निष्कर्षका आधारमा आगामी चुनावमा उठाउने उम्मेदारलाई अहिले नै छायाँ सरकार प्रमुख बनाएर पालिकाहरुमा खटाउन लागेको हो ।

राश्वपाको शुक्रबार र शनिबार बन्द कार्यशाला भएको हो । कार्यशालामा ६ वटा समूहमा छुट्टाछुट्टै छलफल भएर एकीकृत निष्कर्ष निकालिएको हो ।

कार्यबाहक प्रवक्ता मनिष झाका अनुसार राष्ट्रिय महाधिवेशनको विषयमा समेत छलफल भएको छ । बन्द कार्यशालाले केन्द्रीय समितिलाई विभिन्न १५ विषयमा सुझाव दिएको छ ।

झाका अनुसार जिल्ला संयोजक, उपसंयोजक र निर्वाचन क्षेत्र समितिको संलग्नतामा जिल्ला भेला गरेर तदर्थ समिति गठन गर्न र विधान संशोधन सुझाव कार्यदलको प्रतिवेदन भदौ मशान्तभित्र तयार गरी राष्ट्रिय भेलामा पेश गर्न सुझाव दिएको छ ।

शासकीय स्वरुपका विषयमा पार्टीभित्र छलफल गरी संविधान संशोधनका बारेमा पार्टीको अवधारणा तयार गर्न, देशका गाउँदेखि विदेशका शहरसम्मका नेपालीसँग भेटघाट अभियानको सुरुवात गर्ने लगायतका सुझाव दिइएको छ ।

पार्टीको केन्द्रीय अर्थ व्यवस्थापन समितिलाई विस्तार गरेर देश विदेशमा रहेका सबैलाई जोड्न पार्टी पिलर्स अवधारणा लागु गर्ने भनिएको छ । क्यान्डिडेट क्लब र लिडरसिप एकेडेमीको नियमावली र कार्यविधि भदौ मसान्तभित्र तयार गर्ने भनिएको छ ।

## कामै...

भुक्तानी दिइएको र औषधि स्वास्थ्यचौकीलाई वितरण गरिएको तथा केही गोदाममै रहेको बताए पनि कुन खरिदकर्तालाई भुक्तानी दिइएको हो भन्ने कुरा आफूलाई थाहा नभएको बताउँछन् । रौहतटका अन्य पालिकाहरुमा पनि यस्तो आशंका रहेको स्थानीयहरु बताउँछन् ।

## राहदानी...

दिने प्रयास गरिएको बताउँदै उनले अपोइन्मेन्ट लिएको दिन र समयमा उपस्थित हुन सेवाग्राहीलाई आग्रहसमेत गरे ।

'अहिले राहदानी बनाउन अग्रिम आवेदन दिएकालाई प्राथमिकता दिएर काम गरिरहेका छौं । आवश्यकता र कामको चाप हेरेर कन्सुलरसम्बन्धी अन्य आकस्मिक र जरुरी सेवा दिने प्रयास गर्नेछौं,' श्रीसले भने ।

दश दिनसम्म सञ्चालन हुने शिविर लिस्बनस्थित अवैतनिक नेपाली महावाणिज्यदूतावास, गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका छन् । टोलीमा विभागका दुई र फ्रान्सस्थित नेपाली दूतावासका एक गरी तीनजना कर्मचारी सहभागी छन् । टोलीले अगस्त ११ तारिख (साउन २७ गते)सम्म राजधानी लिस्बनमा रहेर राहदानी सेवा दिनेछ ।

केही महिनाअघि पनि फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगल आएर एक सातासम्म राहदानीसम्बन्धी सेवा प्रदान गरेको थियो ।

## असन्तुष्ट...

बनेको विधेयक टुंगोमा लाग्ने तयारी रहेको बताएकी थिइन् ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले शिक्षा विधेयकमा धेरै संशोधन रहेको र टुंगोमा पुऱ्याउन जनशक्तिको अभाव रहेको बताएका थिए ।

यावत समस्याका बाबजुत निर्णय दिनुपर्ने दबाबमा आफूहरु रहेको सभामुख घिमिरेको आग्रह छ । तिलगंगा नेत्र विश्वविद्यालय सम्बन्धी विधेयक भने संसद्को चालु अधिवेशनबाटै पारित गर्न आफूले सक्दो पहल गर्ने उनको प्रतिवद्धता छ ।

डा. सन्दुक रुइतले आँखाको क्षेत्रमा कमाएको अन्तर्राष्ट्रिय ख्यातीलाईसमेत ध्यानमा राखेर आफूले उक्त विधेयक संसद्मा दर्ता गर्ने काममा पनि सहयोग गरेको र त्यसलाई संसद्को चालु अधिवेशनबाटै पारित गराउन पनि आफ्नो प्रयत्नलाई जारी राखेको बताए ।

सभामुख घिमिरेले सो विश्वविद्यालय बनेपछि नेपालले आँखाको क्षेत्रमा अध्ययन, अनुसन्धान लगायतका कामलाई अघि बढाउने कामलाई सहज ढंगले अघि बढाउन सकिने बताए । सरकारले पनि सो विधेयकलाई अघि बढाउन महत्तव दिएको पनि बताए ।

**Invitation for Bids**
**community**
**Bramhachari Damodaranand College**

**Invitation for Bids No.: UGC-BDC-NCB-BUIA&B-081-082**

**Date of publication: 04-08-2024 10:00**

1. Bramhachari Damodaranand College invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Bramhachari Damodaranand College of Academic Block A & B 1st Floor under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) **8675709.30** (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bramhachari Damodaranand College, Mirchaiya, Siraha, Province Two, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www. bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Rastriya Banijya Bank Ltd.**
   **Name of Office: Bramhachari Damodaranand College**
   **Office Code no:**
   **Office Account no: 2150100001330001**
   **Rajaswa (revenue) Shirshak no.:**
4. Pre-bid meeting shall be held at Bramhachari Damodaranand College Mirchaiya Siraha Province Two Nepal at 23-08-2024 10:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Bramhachari Damodaranand College, Mirchaiya, Siraha, Province Two, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 03-09-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 03-09-2024 13:00 at the office of Bramhachari Damodaranand College Mirchaiya, Siraha, Province Two, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 235000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# कपिलवस्तु आधारभूत अस्पताल: कार्यालय सहयोगीले दिन्छन् बिरामीलाई औषधि

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १९ साउन




कपिलवस्तुको आधारभूत अस्पतालमा कार्यालय सहयोगीले बिरामीलाई औषधि वितरण गरेको पाइएको छ। जिल्लाको यशोधरा गाउँपालिकामा सञ्चालित आधारभूत अस्पताल बैदौलीका कार्यालय सहयोगीहरुले औषधि वितरण गरिरहेको पाइएको हो।

अस्पतालमा कर्मचारीको अभावले कार्यालय सहयोगी शैलेन्द्र पाठक र श्रीराम यादवले बिरामीहरुलाई औषधि वितरण गर्दै आएको स्थानीयले बताएका छन्। गाउँपालिकाले जनताको मर्म बुझि आधारभूत अस्पतालको स्थापना गरेपनि व्यवस्थित नहुँदा नागरिकको स्वास्थ्य जस्तो गम्भीर विषयमा चरम लापरबाही देखिएको छ।

नागरिकले पाउने आवश्यक सेवा-सुविधा समेत गाउँपालिकाले उपलब्ध गराउन सकेको छैन।

अस्पतालमा ३० जना कर्मचारीको दरबन्दी हुनुपर्नेमा जम्मा १६ जना कर्मचारी मात्र रहेका छन्। जसमध्ये ३ जना स्थायी कर्मचारी र १३ जना करारका कर्मचारी कार्यरत रहेको अस्पतालका इन्चार्ज दिपेद्र साहनीले बताए। अस्पतालमा फार्मसिस्ट नभएको कारणले अस्पतालमा लामो समयदेखि कार्यालय सहयोगीको रुपमा काम गर्दै आएका शैलेन्द्र पाठक र श्रीराम यादवले डाक्टरले बिरामीहरुको पर्चामा औषधिको नाम लेखे अनुसार औषधि वितरण गर्न सहयोग गरेको उनले दाबी गरे।

अस्पतालमा दरबन्दी अनुसार कर्मचारीको अभाव र १३ जना करार कर्मचारीहरुको असार महिनापछि करार सम्झौताको म्याद थप नहुँदा अस्पतालबाट सेवाग्राहीलाई सेवा प्रदान गर्न निकै समस्या भएको स्वास्थ्यकर्मीहरु बताउँछन्। उनीहरुले करार कर्मचारीको सम्झौता म्याद समेत अन्योलमा रहेको नाम नबताउने सर्तमा एक स्वास्थ्यकर्मीले बताए।

यशोधरा गाउँपालिका अध्यक्ष शिव दयाल तिवारीले करारका कर्मचारीहरुको सम्झौताको म्याद थपिएको बताउँदै कर्मचारीहरु कामकाजमा खटिएको दाबी गरे। नागरिकको स्वास्थ्यलाई मध्येनजर गर्दै अस्पतालका सेवा-सुविधालाई थप व्यवस्थित गर्न गाउँपालिकाले छिट्टै ठोस कदम चाल्ने अध्यक्ष तिवारीको भनाइ छ। यता करारका कर्मचारीहरुले कारार सम्झौता म्याद थप गरिएको सम्बन्धमा कुनै पत्र प्राप्त नभएको बताउँछन्। सम्झौता पत्र नभएपछि अन्योलमा बस्दै आफ्नो कामकाजमा खटिइरहेको उनीहरुको गुनासो छ।

# संगठन विस्तारलाई तीव्रता दिन सभापति श्रेष्ठको निर्देशन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ साउन



नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठले गाउँ-गाउँमा गएर एकजुट भइ संगठन विस्तार एवम् सुदृढीकरणमा लाग्न अगुवा कार्यकर्ताहरुलाई निर्देशन दिएका छन्। सभापति श्रेष्ठले पार्टीमा आफूबाट भएका कमी कमजोरी सच्चाउँदै अघि बढ्न अनुरोध गर्दै गाउँटोलमा पार्टी अगुवा कार्यकर्ताले गल्ती गरेको भए त्यसबारेमा जिल्ला पार्टीलाई जानकारी गराउन आग्रह गरेका छन्।

सभापति श्रेष्ठले भने,'पार्टीमा सबै नेताहरु सानो होस् वा ठूलो आफ्ना गल्ती सच्चाउन पर्छ।'

नेपाली कांग्रेस भूमिकास्थान नगरपालिका वडा नम्बर ९ ढिकुराले विपी स्मृति प्रतिष्ठान गैराकोटमा आयोजना गरेको बृहत्त क्रियाशिल सदस्यता वितरण कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै सभापति श्रेष्ठले भने, 'पार्टीभित्र मैले गल्ती गरेको छु र कमी कमजोरी भएका छन् भने सुधार गर्न तयार छु।'

सभापति श्रेष्ठले थपे, 'पार्टीमा अरुले गल्ती गरेका छन् भने पनि गाउँका कांग्रेस धान्ने तपाईं अग्रजहरु पनि बोल्नुपर्ने हुन्छ। कांग्रेस पार्टीको कार्यकर्ता होस् या नेता अनुशासित हुनुपर्छ।'

सभापति श्रेष्ठले नेपालका हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको बताउँदै मुलुकमा उत्पन्न राजनीतिक हरेक समस्याको समाधान खोज्न नेपाली कांग्रेस अग्रसर रहँदै आएको बताए। श्रेष्ठले सबै दलहरुसँग जिल्लामा सहमति, एकता र मेलमिलाप गरेर जिल्लाको विकास कांग्रेसको नेतृत्वमा गर्ने समग्र अर्घाखाँचीको विकास गर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नेपाली कांग्रेस भूमिकास्थान नगरपालिका वडा नम्बर ९ का सभापति तिर्थराज घिमिरेले सबै नेताकार्यकर्ताहरु संघसंगठन निर्माणमा होमिएको बताउँदै सबैको घरदैलोमा पुगेर क्रियाशिल वितरण गर्ने संगठनलाई चलाएमान बनाउँदै कांग्रेसको संगठन मजबुँद बनाउने बताए। कार्यक्रममा नेपाली कांग्रेसका सदस्य रेमकला खत्री, नेपाली कांग्रेस क्षेत्रीय सचिव सुरज रायमाझी, पूर्व जिल्ला सदस्य ज्ञानबहादुर वि.क, नेपाली कांग्रेसका युवा नेताहरु, अम्बर थापा लक्ष्मण घिमिरे, रुद्रमणी भुसाल, चिरञ्जीवी भुसाल, बिनोद घिमिरे, अर्जुन घिमिरे, ईश्वरी पोखेल, शिवहरि घिमिरे, डाल बिक्रम साह, सन्तोष भुसाल, कृष्ण भुसाल लगायतले संगठन निर्माण भावी रणनीतिका बारेमा भनाइ राखेका थिए।

# देशभर २५ जनामा हैजा




**काठमाडौं/मस**–देशभर २५ जनामा हैजा संक्रमण पुष्टि भएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हालसम्म २५ जनामा संक्रमण पुष्टि भएको हो।

महाशाखाका निर्देशक डा.यदुचन्द्र घिमिरेले काठमाडौं, ललितपुर र कैलालीमा हालसम्म २५ जनामा हैजा पुष्टि भएको बताए। उनका अनुसार ललितपुरमा १६, काठमाडौंमा एक र कैलालीमा आठजना हैजाका बिरामी फेला परेका छन्।

हैजा अतिसंक्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले हैजाको मुख्य लक्षण चौलानी पानीजस्तो दिसा आउने, वाकवाकी लाग्ने र वान्ता हुने, कडा जलवियोजन हुने गर्दछ। सङ्क्रमणले गम्भीर अवस्थामा पुर्‍याउँदा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाब पहेँलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनसक्ने घिमिरे बताए।

हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुर्‍याए ५० प्रतिशत मृत्यु हुने सम्भावन हुने गर्दछ। हैजाबाट सुरक्षित रहनका लागि झिँगा लागेको, बासी, सडेगलेको, नपाकेको, चिसिएको खुलास्थानका खाद्यपदार्थ खानु हुँदैन। पानीलाई उमालेर वा क्लेरिन प्रयोग गरेरमात्र प्रयोग गर्न र गराउन, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनको साथै चर्पीको प्रयोग र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचीमिची हात हुन महाशाखाले अनुरोध गरेको छ।

# खोलाले बगाउँदा मृत्यु

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १९ साउन

रुकुम पश्चिमको मुसिकोटमा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ।

मुसिकोट नगरपालिका-७ का अन्दाजी ५५ वर्षीय तेजबहादुर बुढा झुल्खेतको चुनाखोलाले बगाउँदा मृत्यु भएको हो। वडा नम्बर ३ र १३ बीचमा पर्ने मुग्लुखोलामा उनको शव फेला परेको प्रहरीले जनाएको छ। घरमा श्रीमतीसँग झगडा गरेर मर्छु भनेर खोलामा गएर हाम फालेको हुन सक्ने प्रहरीको अनुमान छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका अनुसार शनिबार दिउँसो बुढालाई खोलाले बगाएको थियो। प्रहरी निरीक्षक ऋषी पाठकले अनुसार बुढाले आत्महत्या गरेको हुन सक्ने बताए।

बुढालाई खोलाले बगाएको सूचना पश्चात झुल्खेत, सोलाबाङ क्षेत्रमा प्रहरी परिचालन गरेर खोजी कार्य जारी गरिएको थियो। बुढाको शवलाई पोस्टमार्टमको लागि जिल्ला अस्पताल सल्ले लगिएको छ।

# ‘युनियनभित्रको गुट उपगुट हटाऔं’

**रजनी योगी/मध्यान्ह**
बाँके, १९ साउन




प्रेस युनियन बाँकेका अध्यक्ष प्रियास्मृती ढकालले पछिल्लो समय एउटै संगठनभित्र गुट उपगुट छुट्याउने गलत परम्पराले युनियनले धोका व्यहोर्नु परेको स्मरण गराएका छन्।

महासंघको चुनावलाई लक्षित गर्दै शनिबार प्रेस युनियन बाँकेले आयोजना गरेको विशेष भेलामा बोल्दै उनले युनियनलाई बलियो बनाउन आफुमा पनि चासो र चिन्ता रहेको उल्लेख गरे। युनियनलाई अगाडि बढाउन सबैको जिम्मेवारी रहेको उनले बताए।

अन्य संगठनमा आबद्ध हुनुभन्दा पहिला प्रेस युनियनमा बलियो भएर जान उनले आग्रह गरे। यस्तै, भेलाका प्रमुख अतिथि प्रेस युनियन लुम्बिनी प्रदेश महासचिव नवीन गिरिले मिशन महासंघमा लाग्न आग्रह गरे। रणनीतिक रुपमा युनियन सफल भएको भन्दै पत्रकार महासंघको सदस्यता शुद्धीकरण समस्या समाधान गरिरहेको उनले जानकारी दिए।

आगामी पत्रकार महासंघको चुनावमा सकारात्मक नतिजा ल्याउन युनियनका प्रत्येक सदस्य जिम्मेवार भइ समान रुपमा कमद चाल्नुपर्ने उनको धारणा थियो। प्रेस युनियन लुम्बिनी प्रदेश उपाध्यक्ष शुक्रऋषी चौलागाईंले युनियनको टिम बलियो हुन जरुरी रहेको बताए। पदिय सम्मान दिन नसक्नेले पदाधिकारीमा नजान भन्दै पदको लागि हानथाप नगर्न आग्रह गरे।

प्रेस युनियन बाँकेका निवर्तमान अध्यक्ष अर्जुन वलिले गठबन्धनको भर नपर्न सुझाव दिए। उम्मेदवार छान्न अनुहार हेर्नुभन्दा मापदण्ड बनाएर अगाडि बढ्नुपर्ने उनले बताए।

प्रजातान्त्रिक पत्रकारहरुको संगठन प्रेस युनियन एउटा व्यक्ति हैन संस्थागत रुपमा चल्नुपर्ने एक कार्यक्रमका वक्ताहरुले बताए। भेलामा उपस्थित युनियनका नेता तथा पदाधिकारीले संगठको इज्जत र मर्यादा बढाउन सक्नेलाई पदमा पुर्‍याउनु हाम्रो कर्तव्य र अधिकार हुने बताए।

भेलामा नेपाल प्रेस युनियन बाँकेका पदाधिकारीहरु, प्रदेश तथा केन्द्रीय पदाधिकारी तथा सदस्यहरू लगायत प्रेस युनियनमा आवद्ध पत्रकारहरुको उपस्थिति रहेको थियो।

# क्षेत्री समाज नेपाल कतार शाखाले मनायो स्थापना दिवस



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ असार

क्षेत्री समाज नेपाल कतार शाखाले आफ्नो १४ औं स्थापना दिवस तथा विशेष भेला सम्पन्न गरेको छ। विविध सांस्कृतिक कार्यक्रमसहित क्षेत्री समाज नेपालका केन्द्रीय अध्यक्ष रवि बहादुर थापाको प्रमुख आतिथ्यता तथा कतार शाखाका अध्यक्ष श्याम कुमार डाँगीको सभापतित्वमा भेला सम्पन्न भएको हो।

कार्यक्रममा केन्द्रीय महासचिव कृष्ण बहादुर थापासहित कतारमा समाजसेवी बौद्धिक व्यक्तित्व, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको विशेष आतिथ्यता रहेको थियो। भेलामा कतारमा रहेका विभिन्न व्यक्तित्वहरुलाई फरक-फरक शीर्षकमा धारणा राख्नलाई विशेष समय प्रदान गरिएको थियो भने थुप्रै व्यक्तित्वहरूले नेपालमा क्षेत्रीहरूको इतिहास र बहादुरीका बारेमा बोलेका थिए।

वक्ताहरूले लामो समयदेखि सुस्ताएको समाज पुनः जुरमुर्‍याएको हुँदा निरन्तरताका लागि शुभकामना दिएका थिए। गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थीले आप्रवासीहरूको समस्याका बारेमा संघ सदैव साथमा रहेको बताएका थिए।

समाजका संरक्षक रेशम बहादुर बस्नेतले स्वागत मन्तव्य राखेको कार्यक्रममा कोसेली रोकाले स्वागत नृत्य राखेकी थिइन्। गुना मगर (निसु) ले मारुनी गीत गाउँदा अतिथिहरू छमछमी नाचेका थिए। जिया हमालले आकर्षक नृत्य पेस गरिन् भने गायिका सुमित्रा भट्टराई र गायक सुरेश विसीले आफ्ना गीतमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए।

भेलामा रेशम बस्नेत, महेश तामाङ, गोविन्द कटुवाल र बिर्मा खत्रीले सामूहिक गीत प्रस्तुत गरेका थिए भने नवीन नबिनाका साथमा पूरण सिंह मिलेर तयार पारेको गीति कथाले सबैको मन जितेको थियो। गीति कथामा प्रवासमा श्रीमानले दुःख पाइरहँदा नेपालमा श्रीमतीले परपुरुषसँग अनैतिक सम्बन्धमा रहेको र श्रीमान् प्रवासबाट बिरामी अवस्थामा नेपाल सुटुक्क फर्कँदा श्रीमतीलाई अर्कै पुरुषको अंगालोमा देखेपछि पिडा सहन नसकी आत्महत्यासम्म गर्नु परेको अवस्थालाई आकर्षक रूपमा चित्रण गरिएको थियो।

कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै महासचिव थापाले समाजलाई नेपालसहित विश्वभर सञ्जाल विस्तार गर्ने समाजले लक्ष्य लिएको बताए। उनले आगामी २ सालभित्र ५ करोडको अक्षयकोषको स्थापना गर्न लागिएको बताए।

कार्यक्रमका प्रमुख अतिथिले समाजको पछिल्लो संशोधित विधान समाजलाई हस्तान्तरण गर्दै कतार शाखालाई केन्द्रीय समितिले नयाँ विधान बमोजिम वैधानिकता प्रदान गरेको घोषणा गरेका थिए। उनले कतार शाखालाई शुभकामना दिँदै क्षेत्री समाज विशुद्ध समाज मात्र भएको र यस भित्र राजनीति खेल नखेलिएको स्पष्ट पारे। उनले प्रत्येक शाखाले आजीवन सदस्यता विस्तारलाई तीव्रता दिन आग्रह गरे।

प्लाजा मलमा रहेको वेलफेर रेस्टुरेन्टमा सम्पन्न भेलामा नेपालबाट आएका अतिथिहरूले समाजका संस्थापकदेखि वर्तमान कार्यसमितिलाई संस्थाको लोगो अंकित ब्याच प्रदान गरेका थिए। सचिव शिवलाल केसीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति डाँगीले समाजलाई तीव्र गतिमा लक्ष्य हासिलतर्फ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

# सार्वजनिक बसको प्रदूषण जाँच

**कास्की/मस**-पोखरा महानगरपालिकाभित्र सञ्चालित सार्वजनिक यातायातको प्रदूषण जाँच सुरुवात गरिएको छ।

यातायात व्यवस्था कार्यालयले शनिबार पोखरा यातायात प्रा.लि. अन्तर्गत सञ्चालित बसहरुको प्रदूषण परीक्षण गरेको हो। मापदण्ड भन्दा बाहिर रहेका सवारी साधन सञ्चालनमा रोक लगाउन सवारी साधनहरुको प्रदूषण जाँच शुरु गरिएको यातायात व्यवस्था कार्यालयका निमित्त प्रमुख अशोक गौतमले जानकारी दिए। उनका अनुसार अन्य दिनमा प्रदूषण परीक्षका लागि भीडभाड हुने भएकाले सार्वजनिक बिदाका दिनमा समेत सेवा सञ्चालन गरिएको हो।

पोखरा यातायात प्रालि अन्तर्गत सञ्चालनमा रहेका तीन सय ७८ बसको प्रदूषण परीक्षण गरिने कार्यालयले जनाएको छ। प्रदूषण परीक्षणमा अनुत्तीर्ण सवारीहरुलाई पुनः मर्मतका लागि पठाइने र उत्तीर्ण भएपछि मात्र सञ्चालन अनुमति प्रदान गरिने कार्यालय प्रमुख गौतमले बताए।

‘पोखरा पर्यटकीय राजधानी समेत हो। यहाँ गाडीबाट निस्कने धुँवा बढी हुने गरेको स्थानीयवासीको गुनासो आएपछि कडाइका साथ जाँच गर्न लागेका हौँ। आज पोखरा यातायात प्रालिका बसहरुको यान्त्रिक परीक्षण र प्रदूषण जाँचपासको काम गरेका छौँ। आगामी दिनमा निजी विद्यालयद्वारा सञ्चालित बसहरुको समेत परीक्षण गर्छौं’ कार्यालय प्रमुख गौतमले भने। जाँचपास गर्दा बढी प्रदूषण देखाएका गाडीलाई तत्काल मर्मत र सर्भिसिङका लागि पठाउने गरिएको कार्यालयका मेकानिकल इन्जिनियर अब्दुल्ला हवारीले बताए।

बसहरुको सर्भिसिङपछि बसको अनुत्तीर्ण हुने दर कम भएको उनले बताए। कार्यालयले प्रदूषण बढी भएका तथा जाँच अनुत्तीर्ण भएका गाडी सञ्चालनमा रोक लगाउने जनाएको छ। इन्जिनियर हवारीका अनुसार परीक्षण मेसिनले गाडीको धुँवाको ‘डेन्सिटी’ हेर्ने र ३० प्रतिशतसम्म आउने उत्तीर्ण र त्यो भन्दा बढी आउने अनुत्तीर्ण हुने जानकारी दिए। ‘परीक्षणको नतिजा तत्कालै प्राप्त हुने गरेको छ। बढी प्रदूषण देखाएर फेल भएका गाडी सञ्चालन गरे यातायात व्यवस्था ऐन अनुसार दुई हजारदेखि १० हजारसम्म कारवाही हुन्छ’ उनले भने।

पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङले बसहरुले बढी धुँवा फालेको गुनासो पछि व्यवसायीले दुई लाख ५० हजारसम्म खर्च गरेर इन्जिन लगायत सबै परीक्षण गराएको जानकारी दिए।

गाडीको पार्टपुर्जा बाहेक गाडीमा प्रयोग गरिने इन्धनको कारणले समेत धुँवा बढी फालेको हुन सक्ने भएकाले त्यसको समेत जाँच गर्न उनले माग गरे।

# पहिरोले जाजरकोट–डोल्पा सडकखण्ड पूर्ण अवरुद्ध

**पूर्ण कुमार/मध्यान्ह**
डोल्पा, १९ साउन



भेरी करिडोर सडकखण्ड अन्तर्गत जाजरकोट र रुकुम पश्चिमको छेपारेदेखि चिसापानी अन्तर्गत पर्ने रिठा भल्म भन्ने स्थानमा पहिरोले सडक पूर्ण रूपमा अवरुद्ध भएको छ।

जाजरकोट-डोल्पा सडकखण्ड भित्रपर्ने उक्त ठाउँहरुमा सडक अवरुद्ध बनेपछि नेपालगञ्ज जाजरकोट हुँदै डोल्पातर्फ जाने र डोल्पा जाजरकोट हुँदै नेपालगञ्जतर्फ जाने सवारी साधनको आवागमन ठप्प भएको छ। पहिरोले यात्रुहरुलाई पैदल हिँड्न समेत समस्या भएको छ।

यहाँ मात्रै नभइ सडकखण्ड अन्तर्गत भित्रपर्ने नलगाड नगरपालिकाको दल्लीदेखि आठबिसकोट नगरपालिकाको राडी बजारसम्मको सडक समेत पूर्ण रूपमा बन्द भएको छ। सडकखण्ड खुलाउन नै समस्या भइरहेको भेरीकरिडोर कार्यालयले जानकारी दिएको छ।

शुक्रबार साँझदेखि रुकुम पश्चिमको आठविसकोट नगरपालिका अन्तर्गत पर्ने रिठा भल्म र चिसापानी लगायतका खोलामा पहिरो खसेर सडक अवरुद्ध भएपछि आवागमन पूर्ण रुपमा बन्द भएको भेरिकरिडो कार्यालयका कार्यालय प्रमुख सुनिल रन्जितकारले मध्यान्हलाई बताए।

दुई तीन ठाउँमा निर्माणाधीन सडक माथिबाट पहिरो सडकमा खसेकाले ठूला सवारी साधन लगायत मोटरसाइकल समेतको आवागमन बन्द भएको छ। अवरुद्ध सडकमा पहिरो हटाएर सडक खुलाउने काम भइरहेको प्रमुख रन्जितकारले जानकारी दिए।

आपद् सडक विभाग अन्तर्गतको सेमिनारमा काठमाडौंमा रहेको र सवइन्जिनियर लगायतका प्राविधिको निगरानीमा अवरुद्ध सडक खुलाउने काम जारिरहेको समेत प्रमुख रन्जितकारले बताए।

बर्खाको समयमा जाजरकोट-डोल्पा सडकखण्ड अन्तर्गत ११८ किमी सडकखण्डभित्र नै अहिले पहिरोले पूर्ण रूपमा बन्द भएको छ। उक्त सडकखण्ड स्तरोन्नती नहुँदा डोल्पाका नागरिकले दैनिक सास्ती खेपी रहेका छन्। यो ठाउँमा सडक अवरुद्ध हुँदा यसको प्रत्यक्ष असर डोल्पालाई परेको छ।

Vacancy Announcement
A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserving applicants for the following positions:-
- Documentation Head - 1 (Male/Female)
- Documentation Assistant - 3 Male/Female)
Salary Negotiable
Requirements:
Priority Will Be Given To Experienced In The Related Fields.
If you interested, please contact : 9841398012, 01-4002139
Email: info@hopeinternational.com.np
Hope International (P) Ltd.
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: Info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
License No: 857/066/67
For Location

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# राजनीतिमा खेलकुद

घरेलु मैदान दशरथ रंगशालामा जारी काभा वुमन्स भलिबल नेसन्स लिग-२०२४ मा नेपालले पहिलोपटक भारतलाई हराएको छ। दक्षिण एसियाको पावर हाउस मानिने भारत सधैं नेपालको उपाधि यात्रामा बाधक बन्ने गरेको थियो। दशरथ रंगशालामै आएर पनि भारतले दुईपटक नेपाललाई हराएको थियो। तर शनिबार समूह चरणको खेलमा भारतलाई ३-२ को सेटमा हरायो। यो ऐतिहासिक जित खेल क्षेत्रका निम्त अर्थपूर्ण छ। किनकि भारतलाई हराउँदा नेपाली खेलाडीहरूमा छुट्टै मनोविज्ञान निर्माण हुने गरेको छ। पावर हाउस भएकाले पनि भातरविरूद्ध जित निकाल्नु सजिलो छैन। तर नेपाली महिला भलिबल खेलाडीहरूको उत्कृष्ठ प्रदर्शनीले जित निकाल्न संभव भयो।

यो जितको उत्साह आमसञ्चार माध्यम, सामाजिक सञ्जाल र खेल चलरिहँदाको दर्शकबाटै बुझ्न सकिन्छ। इन्डोर खेल भएपनि दर्शकको भीडले खेलाडीहरूलाई उत्साह थपेको थियो। खेलाडीहरूको प्रर्दर्शनले दर्शक तथा समर्थक संख्या बढाएको थियो। विशेषगरी सामाजिक सञ्जाल हेरेर भारतविरूद्ध नेपालले निकालेको जितलाई मूल्यांकन गर्न सकिन्छ। खेलप्रति सरोकार राख्नेहरूले मात्र नभएर एउटा ठूलो राजनीतिक पंक्तिले समेत खुलियाली मनाएको सामाजिक सञ्जालमा देख्न सकिन्छ। युवा तथा खेलकुद मन्त्रीसँगै खेल हेर्न रक्षा मन्त्री मानवीर राई सहित भीभीआईपी रंगशाला नै पुगेका थिए। अरू शीर्ष नेताहरूले पनि सामाजिक सञ्जालमा बधाई दिएका छन्। यी दृष्यहरू खेलप्रति बदलिएको दृष्टिकोण बुझ्ने उदाहरण हो। किनकि खेल आफैमा राजनीति बनिरहेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले कीर्तिपुर क्रिकेट मैदानमा ३६५ दिनभित्र फ्लड लाइट जोड्ने निर्णय पहिलो मन्त्रिपरिषद् बैठकबाट गरेका थिए। घरेलु मैदान खेल चल्दा कीर्तिपुर पुग्ने नेताहरू नेपालका अरू खेल हेर्न विदेशी भूमि पुग्न थालेका छन्। एसिया कप क्रिकेट हेर्न पूर्व गृहमन्त्री रवि लामिछाने श्रीलंका नै पुगेका थिए। अरू नेताहरू पनि खेल हेर्न मैदान पुग्ने र सामाजिक सञ्जालमा बधाई दिन होडमै उत्रने गरेका छन्। यसको अर्थ खेलभित्र राजनीति हुने प्रवृत्ति बदलिएर अहिले जनमत आफ्नो पक्षमा पार्न समेत खेलमा आफूलाई संलग्न गराउने देखिन थालेको छ। यो सकारात्मक कुरा नै हो। तर लोकप्रियताका लागि मात्रै गरिने प्रचारले खेल क्षेत्रलाई अगाडि बढाउन सहयोग पुग्दैन। त्यसका निम्ति खेल क्षेत्रभित्र राजनीति अन्त्य नै हुन जरूरी छ भने खेललाई देखाएर गरिने राजनीति पनि हुनु हुन्न। बरू खेल क्षेत्रको दीर्घकालीन विकासका निम्ति गुरू योजना बनाएर अगाडि बढ्न जरूरी छ। खेलाडीहरूले खेल क्षेत्रमा भविष्य देख्न थाले भने यो क्षेत्र आफै विकसित भएर जानेछ।

# बौद्धिक सम्पत्ति संरक्षणको सवाल

*अन्तर्राष्ट्रिय स्तरमा निकै महत्वपूर्ण मानिएको बौद्धिक सम्पत्तिअन्तर्गतको पेटेन्ट र डिजाइन नेपालमा एक वर्षमा एउटा पनि दर्ता हुन सकिरहेको छैन। नेपालमा करिब एक सय वर्षको अवधिमा ७२ वटा पेटेन्ट र ९२ वटा डिजाइन दर्ता भएको थाहा भएको छ। यस्तो संख्या विकसित देशको दाँजोमा निकै न्यून वा लाजमर्दो हो।*

अग्रलेख



● डा. सुमनकुमार रेग्मी



बौद्धिक संगठनले उत्पादित गरेको कुनै वस्तुको चिन्ह-लोगो ट्रेडमार्क हो, मौलिकरूपमा उत्पादन गरिएको वस्तु वा सेवा पेटेन्ट हो। आविष्कारको रूपमा लिइएकोलाई त्योभन्दा पहिले अरू कसैले आविष्कार गरेको हुनुहुँदैन। त्यस्तै कुनै वस्तुको अन्यभन्दा फरक प्रकृतिको स्वरूप, आकृति डिजाइन हो, जुन डिजाइन एक पटक कसैले दर्ता गराइसकेपछि अरूले नक्कल गरेर पुनः दर्ता गरे मुद्दा लगाई कारबाही हुन सक्दछ। यस विषयमा निजी र सरकारी आविष्कारक निकाय क्षेत्र दुवै त्यस्ता आविष्कार गरे पनि पेटेन्ट र डिजाइनका रूपमा दर्ता गरेको पाइएको छैन।

नेपालमा सरकार मातहतका निकायले एउटा मात्र बौद्धिक सम्पत्ति दर्ता गराएको देखिन्छ। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले मात्र पेटेन्ट दर्ता गराएको छ। डिजाइन दर्तामा सरकारी निकायको संलग्नता छैन। सरकारी उत्पादनमूलक संस्थाले डिजाइन गर्न सक्दछन्। यस्तो दर्ता गराइराखेमा सोही प्रकृतिको उत्पादन वा डिजाइन अन्य देश वा मानिसले प्रयोग गर्नुपरेमा निश्चित शुल्क तिर्नुपर्दछ। यस्तो अभ्यासबाट विकसित देशले ठुलो आम्दानी गर्ने गरेका छन्। नेपालमा पनि उक्त यथार्थलाई व्यवस्थित गर्न पेटेन्ट, ट्रेडमार्क ऐन २०२२ रहेको छ। उक्त ऐनअनुसार पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता गराउन चाहनेले प्रमाणसहित निवेदन पेस गर्नु पर्दछ। आवेदन जाँच गरी विशेषज्ञहरूको सल्लाहसमेत लिई दर्ता गर्न हुने वा नहुने निर्णय गरिन्छ। त्यस्तो पेटेन्ट-डिजाइन वा ट्रेडमार्कबाट अन्यको नाममा दर्ता भई नसकेका अवस्थामा मात्र दर्ता प्रमाणपत्र दिइन्छ। दर्ता भएपछि सम्बन्धित मानिस वा उद्योगले निजी सम्पत्ति मानिने व्यवस्था विश्व व्यापार संगठन (डब्लुवाईपो) ले गरेको छ।

त त्यो प्रावधानअनुसार पनि विदेशी कम्पनीहरूले आवश्यक मात्रामा नेपालमा बौद्धिक सम्पत्तिको दर्ता गरेका छैनन्। नेपालको सानो बजारमा तिनीहरूले प्रतिस्पर्धा गर्ने अर्को निकाय नै छैन। बढी नाफा कमाउनेहरू प्रतिस्पर्धा भएको विकसित देशमा गएर दर्ता गराउन लालायित हुन्छन्। त्यस्तो प्रचलन नेपालका निकायहरूमा अविकसित छन्। कुनै पनि देशको सामाग्री देश बाहिर निर्यात गर्नु पूर्व त्यस देशमा पेटेन्ट-डिजाइन र ट्रेडमार्क दर्ता गर्नुपर्दछ। तर, नेपालको च्याँग्रार-पस्मिनाको मात्रै देशभित्र र बाहिर देशमा बौद्धिक सम्पत्ति दर्ता रहेको छ। नेपालमा नै नेपालबाट निर्यात गरिने कैयौं वस्तु-सेवाहरू दर्ता गर्ने गरिएको छैन। यसबाट के प्रस्ट हुन्छ भने नेपालका प्रतिष्ठानहरू पनि बौद्धिकरूपमा कमजोर सावित रहेका देखिन्छन्।

बौद्धिक सम्पत्तिको संरक्षण तथा सम्बन्धन गर्न सके देशको गरिबी न्यूनीकरणमा मदत पुग्दछ। नेपाल जस्तो गरिब देशले नयाँ प्रविधिको विकास र अनुसन्धानको लगानी फलदायक हुने देखिएको छ। आजको विश्वको बदलिँदो युगमा भौतिक पूर्वाधार विकासलाई मात्र विकास मानिँदैन। बौद्धिक ज्ञानको आधारमा विकासको मापदण्ड निर्धारण एवम् मापन गरिने गरिएको छ। नेपालको औद्योगिक नीति, २०६७ ले व्यवस्था गरेअनुसारको आर्थिक विकास तथा प्रगतिको सन्दर्भमा अघि बढ्न यस्ता कार्यक्रम सहयोग हुनसक्छ। बौद्धिक सम्पत्ति संरक्षणका लागि प्रशस्त बजेट छुट्याउनु पर्दछ। उत्पादनमुखी ज्ञानबाट मात्र विकासको ढोका खुल्न सम्भव रहन्छ।

सन् २००४ मा विश्व व्यापार संगठनमा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सुरक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेपछि नेपालले यस क्षेत्रमा सक्रियता देखाएको छ। औद्योगिक नीतिमार्फत यस क्षेत्रको अन्य कमजोरी सच्याएर लगिनु पर्दछ। नेपालको चार दशक पुरानो कानुनमा चलेको बौद्धिक संरक्षण ऐनलाई समयसापेक्ष परिमार्जन गर्न जरुरी छ। बौद्धिक सम्पत्ति अधिकार प्राज्ञिक विकास, संरक्षण र प्रवर्द्धन गर्ने आधार हो। बौद्धिक सम्पत्ति क्षेत्रको संरक्षणमा मार्ग निर्देश गर्न यस क्षेत्रमा थुप्रै कार्यक्रम सञ्चालन छ र हुनु पर्दछ। व्यापार क्षेत्रमा बौद्धिक सम्पत्ति संरक्षणको प्रभावकारिता रहेको छ।

दिगो आर्थिक विकास र गरिबी निवारणलाई प्राथमिकता दिई बौद्धिक सम्पत्तिसम्बन्धी नीति ल्याइने तयारीमा रहेको छ। नेपालमा बौद्धिक सम्पत्तिमाथिको अधिकारका विषयमा समन्वय गरेर नीति छिट्टै ल्याइने तयारीमा छ। नेपालको आर्थिक विकास तथा निजी क्षेत्रको प्रवर्द्धन गर्न बौद्धिक सम्पत्ति सुनिश्चित गर्न देशको कानुनी निर्णय चाहिन्छ। देशको आर्थिक विकास र गरिबी निवारणका लागि सूचना प्रविधिको विकास र सोको अधिकार सुनिश्चित हुन आवश्यक छ। नेपालका लागि नयाँ परिवर्तन र आविष्कारको खाँचो छ। देशमा सूचना प्रविधि विकासको लागि आवश्यक रकम छुट्टाउनु पर्दछ। नेपालले सन् १९९६ देखि नै ज्ञानमा आधारित अर्थतन्त्रलाई प्राथमिकता दिँदै आएको छ। नेपालले अझै पुराना व्यापारिक संस्कारलाई पुनर्स्थापना गर्न सकेको छैन। यसलाई संस्थागत रूपमा विकास गर्दै लग्न आवश्यक छ।

उचित नीति नियम नभएकाले औद्योगिक तथा बौद्धिक सम्पत्तिको विकासले तीव्रता लिन सकेको छैन। उपयुक्त नीति नियम नआउँदासम्म यो क्षेत्रमा अगाडी बढ्न सकिने देखिँदैन। नेपालले बिस्तारै सूचना प्रविधि र यससँग सम्बन्धित क्षेत्रको विकासमा जोड दिँदै आएको छ। नेपालमा यस क्षेत्रमा आउट सोर्सीङको काम हुँदै आएको छ। पूर्वाधार विकास, व्यापारलगायतका क्षेत्रमा सूचना प्रविधिको तीव्र विकास भइरहेकोले बौद्धिक सम्पत्तिको अधिकारलाई यसले सुनिश्चित गर्छ। देशमा नयाँ प्रविधि तथा प्रविधि हस्तान्तरणको कानुन तर्जुमा गरेर अनुसन्धानका क्षेत्रमा परिचालन गर्न सके नेपालमा लगानीसमेत भित्रिने छ। आर्थिक विकास र सूचना प्रविधि आर्थिक विकासका लागि अपरिहार्य रहेको हुन्छ। त्यसर्थ, आर्थिक विकासका लागि बौद्धिक सम्पत्तिमाथिको अधिकार सुनिश्चित हुन जरुरी देखिन्छ।

अन्तर्राष्ट्रिय स्तरमा निकै महत्वपूर्ण मानिएको बौद्धिक सम्पत्तिअन्तर्गतको पेटेन्ट र डिजाइन नेपालमा एक वर्षमा एउटा पनि दर्ता हुन सकिरहेको छैन। २०६९ देखि २०७० मंसिरसम्मको अवधिमा एउटा पनि पेटेन्ट र डिजाइन दर्ता भएको देखिँदैन। उक्त तथ्यले विश्वमा प्रतिस्पर्धात्मकता विकसित देशको कर्पोरेट क्षेत्रमा बहस हुने गरेको बौद्धिक सम्पत्ति संरक्षणमा नेपाल निकै पछि पर्दै गएको देखाउँछ। नेपालमा लामो समयपछि २०६९ असोजमा स्वास्थ्यसम्बन्धी एक उपकरणको पेटेन्ट दर्ता गरिएको छ। जेभीपी नामको एक मिटरको पेटेन्ट दर्ता गरेको देखिएको छ। यसै समयताका एक विदेशी कम्पनीको मदिरासम्बन्धी बोतलको डिजाइन दर्ता भएको छ। बैलोरको भिटेड स्प्रिट लिमिटेड कम्पनीले ह्विस्की हाल्ने बोतलको डिजाइन केही वर्ष अघि दर्ता गरिएको थियो।

तर, नेपालमा नेपालीहरूबाट पेटेन्ट-डिजाइन दर्ताको काम नै आएको देखिँदैन। नेपालमा करिब एक सय वर्षको अवधिमा ७२ वटा पेटेन्ट र ९२ वटा डिजाइन दर्ता भएको थाहा भएको छ। यस्तो संख्या विकसित देशको दाँजोमा निकै न्यून वा लाजमर्दो हो। नेपालमा यस क्षेत्रमा दर्ता भएका मध्ये पनि अधिकांश पेटेन्ट-डिजाइन भने विदेशी कम्पनीका भएका देखिन्छन्। ३६ वटा स्वदेशीका मात्रै पेटेन्ट दर्ता भएको देखिन्छ। अरू बाँकी सबै विदेशी कम्पनीले दर्ता गराएका हुन्। नेपालमा डिजाइन दर्तामा त नेपालकै पेटेन्ट दर्ता संख्याभन्दा कम छ। करिब एक सय अवधिमा नेपालको ९२ डिजाइन दर्तामध्ये २२ स्वदेशीले मात्र दर्ता गराएका देखिन्छन्।

दर्ता लिए पनि हुने नलिए पनि हुने भएकाले आविष्कार भएको वस्तुको नेपालमा दर्ता नहुने कारण रहेको देखिन्छ। अर्को कारणमा हाम्रो देश उपकरण आविष्कार गर्नेभित्र पर्दैन। आविष्कार भएको सामाग्री प्रयोग गर्नेभित्र परेकाले पनि कम मात्रामा बौद्धिक सम्पत्ति दर्ता हुने गरेको देखिएको हो। पेटेन्ट-डिजाइन लिए पनि हुने नलिए पनि हुने भएकाले निकै न्यून मात्रामा दर्ता हुने गरेको हो। तर, अन्तर्राष्ट्रिय क्षेत्रमा भने यसको निकै ठुलो महत्व रहेको बताइन्छ। नेपालमा पेटेन्ट-डिजाइन दर्ता उचित प्रचार-प्रसार र महत्व नबुझेर न्यून मात्रामा दर्ता भइरहेको देखिन्छ। नेपालको यससम्बन्धी ऐन-कानुनले पनि पेटेन्ट डिजाइन दर्तामा अलमल बनाइदिएको छ। नेपालको प्रस्ट हुने जति स्पष्ट कानुन छैन। वास्तवमा पुस्त्यौली भनिँदै आएको कुरामा त नेपालको कानुन दैवले जानुन् भनिँदै आइएकै छ।

पेटेन्ट संघसंस्था वा कुनै मानिसले दर्ता गर्न सक्दछ। तर, मुनाफा र सेवा गरी ख्याति कमाउन दर्ता भएको उद्योगसमेत महत्व नबुझेर पेटेन्ट र डिजाइनको दर्ता नगराउने गरेको देखिन्छ। यस्तो प्रचलनले नेपालीलाई कुनै दिन निकै पछि पार्ने सम्भावना छ। आफ्नो उत्पादनले ख्याति कमाउँदै कमाउँदै गएपछि अरू कसैले वा संस्थाले दर्ता गरिसकेको दाबी आयो भने महत्व बुझ्नेछन्। तर, महत्वै बुझेर होला नेपाली उद्योगहरूले ट्रेडमार्क भने धेरै संख्यामा दर्ता गरेका देखिन्छन्। अन्तर्राष्ट्रिय स्तरका ट्रेडमार्क पनि बौद्धिक सम्पत्तिका रूपमा मानिन्छ। नेपालमा जम्मा ३५ हजारभन्दा बढी ट्रेडमार्क दर्ता छन्। त्यसमा ५० प्रतिशत हिस्सा स्वदेशीको देखिन्छ।

नेपालमा पेटेन्ट अर्थात् आविष्कारमाथिको मालिकको अधिकार कमजोर देखिएको छ। तर, संसारभर गत २० वर्षमा यस्तो पेटेन्ट दर्ता उच्च देखिएको छ। सन् २०१२ मा २३ लाख ५० हजार पेटेन्ट दर्ता प्रक्रियामा सहभागी देखिएका छन्। अन्तर्राष्ट्रिय बजारमा पेटेन्ट अधिकारलाई उद्योगीको आम्दानीको स्रोतको रूपमा लिइन्छ। नयाँ प्रक्रिया र वस्तु आविष्कारमा आफ्नो अधिकार स्थापित गर्न पेटेन्टको महत्व रहे पनि नेपालमा स्पष्ट कानुन र नियमन गर्ने अलग्गै निकाय नभएकोले यस क्षेत्रमा कम उपलब्धि भएको हो। नेपालमा आ.ब. २०६८-६९ मा २ पेटेन्ट दर्ता भएकोमा ६९-७० मा एउटा मात्र दर्ता देखिएको छ। ६९-७० सम्म नेपालमा ७३ वटा पेटेन्ट दर्ता छन् जसमा ३७ स्वदेशी र ३६ विदेशी रहेको छ।

नेपालमा चेतना, दक्ष जनशक्तिको अभाव, चोरी गर्ने प्रवृत्ति र प्राविधिक कारणले यस्ता दर्तामा असर भएको देखिएको छ। नेपालमा पेटेन्ट भन्दा ट्रेडमार्क बढी दर्ता देखिएको छ। विश्वमा आर्थिक मन्दीका कारणले २००९ अघि आइपि कम दर्ता र त्यसपछि अर्थात् २००९ पछि दर्तामा सुधार हुँदै आएको देखिन्छ। सबै प्रकारका आइपि दर्तामा विश्वमा चीन सबभन्दा अगाडी छ। विश्वको आइपि वार्षिक वृद्धिदर चीनको आइपि वृद्धि दरमा निर्भर देखिन्छ। अन्य आइपी दर्तामा अग्रणी भएका देशहरूमा न्यूजील्याण्ड, मेक्सिको, अमेरिका, रुस, भारत, दक्षिण अफ्रिका, जर्मनी, बेलायत, फ्रान्स, इटाली, इजरायल, स्विजरल्याण्ड, फिनल्यान्ड, जापान मुख्य रहेका छन्।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटुवाल**

२०८४ मा कांग्रेस-एमाले दुवैले आलु खाने भए कि के हो खाली गुन्डा, अपराधीभन्दा अरूलाई मन्त्री नै नबनाउने भए त ! उता प्रतिपक्ष पार्टी र साइबर स्यालहरू के निहुँ पाउ भनेर बसिरहेको बेलामा ठुला पार्टी भनौदाहरू भने कलङ्कितहरूलाई खोजेर मन्त्री बनाइरहेनछ। के पार्टीमा सज्जनहरू नभए कै हुन् ?



**- डम्मर खतिवडा**

कठोर र तीतो होला-सत्य स्वीकार गर्नै पर्छ- अहिलेका कुनै पनि दल कांग्रेस-एमालेका विकल्प हैनन्, हुन सक्दैनन् किनकि ती त्यतिका पनि छैनन्। साँच्चै विकल्प चाहिएको भए आ-आफ्ना गुट, समूह विघटन गर्नुस्, नयाँ आन्दोलनका लागि तयार हुनुस्। नत्र अझै एक दशक कांग्रेस-एमाले भोग्न अभिशप्त बन्नुस्।



**- सूर्यराज आचार्य**

सार्वभौम मुलुक नेपाल दुई ठुला र शक्तिशाली छिमेकीको बिचमा छ। छिमेकीका आ-आफ्नै भूराजनीतिक स्वार्थ होलान्, तथापि नेपाल कसैको पनि प्रभुत्वको छायामा रहनु हुँदैन। यो वा त्यो 'डक्ट्रिन' को हवाला दिएर 'छिमेकीको प्रभुत्व स्विकार्नु पर्छ' भन्ने घातक सोचले राजनीतिमा ठाउँ पाउनु हुँदैन।




**- माधव ढुंगेल**

बिहानले दिनको सङ्केत गर्छ भन्छन्। कांग्रेस-एमाले गठबन्धन सरकारको तीन साताले सुखद सङ्केत गरेको छ। अघिल्ला गठबन्धन सरकार गृह लिने कि अर्थ मन्त्रालय भनेरै तीन महिनासम्म विवाद गरिरहन्थे, अहिले त सरकारले सुरुमै पूर्णता पायो। प्रधानमन्त्रीको सक्रियता र मन्त्रीको मेहनतले सङ्केत देखाउँछ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | जग्गा खरीद हुने योग छ। व्यापारिक प्रगति राम्रो हुनेछ। |
| वृष : | विशेष कामले यात्रा हुन सक्छ। सबै कार्यमा सावधानी राख्नुपर्छ। |
| मिथुन : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन। व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ। |
| कर्कट : | आहारमा ध्यान दिनुहोला। पेटसम्बन्धी समस्याको योग छ। |
| सिंह : | विरोधी कमजोर हुनेछन्। मन व्याकुल रहनेछ। |
| कन्या : | पारिवारिक जीवन सुखी रहनेछ। उत्साहमा वृद्धि हुने योग छ। |
| तुला : | धर्मपालनामा रुचि देखिन्छ। चारैतिर प्रभाव बढ्ने योग छ। |
| वृश्चिक : | स्वास्थ्य लाभ हुनेछ। कार्यमा प्रगति हुनेछ। |
| धनु : | विदेश यात्राको योग छ। कार्यमा हतार गर्नु हुँदैन। |
| मकर : | सबै कार्यमा प्रगति हुनेछ। वाणी संयम राख्नुहोला। |
| कुम्भ : | धार्मिक कार्यमा खर्च हुनेछ। स्वास्थ्यमाथि ध्यान दिनुहोला। |
| मीन : | सामान्यरूपले समय बित्नेछ। यात्रा हुने योग छ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति

विचार



● मिलन आफन्त

पूर्ण स्वतन्त्रतापूर्वक विवाह सम्बन्ध जोड्ने र यस परिपाटीलाई सार्वजनिक रूप दिने कार्य त्यसपछि मात्र हुन सक्दछ, जब पुँजीवादी उत्पादनको उन्मूलन र त्यसको फलस्वरूप देखापरेको स्वामित्वका नयाँ सम्बन्धहरूले ती सम्पुर्ण आर्थिक एवम् अन्य धारणाहरूलाई खतम पारिदिन्छन्, जसले आज जीवनसाथीका छनौटमा यति चर्को प्रभाव पार्ने गरेका छन्। त्यसबेला पारस्परिक प्रेम सिवाय विवाहको अरू कुनै उद्देश्य हुनेछैन।

यौन प्रेम आफ्नो स्वभावैले एकनिष्ठ हुने हुँदा हुन त यो कुरा अहिले स्त्रीहरूले मात्र पालन गर्दै आएका छन्। यौन प्रेममा आधारित विवाह पनि स्वभावतः एकनिष्ठ नै हुन्छ। समूह विवाहबाट एकनिष्ठ विवाहसम्मको प्रगतिको श्रेय मुख्यतयाः स्त्रीहरूलाई नै छ भन्ने बाखोफनको निष्कर्ष कति सही छ भन्ने कुरा त हामीले देखिसकेका छौं। पुरुषहरूको हात खाली युगल विवाहलाई एकनिष्ठ विवाहसम्म पुऱ्याउनमा मात्र रह्यो, ऐतिहासिक दृष्टिले हेर्ने हो भने यस परिवर्तनले गर्दा वास्तवमा नारीको स्थिति पहिलेभन्दा नराम्रो भयो, पुरुषहरूलाई आफ्नी पत्नीलाई धोका दिन सजिलो पऱ्यो। तसर्थ, जब ती आर्थिक कारणहरू (जसले गर्दा नारीहरू पुरुषको धोका सहन बाध्य थिए) खत्तम हुन्छन्, अर्थात् स्त्रीका लागि आफ्नो जीविकाको प्रश्न र यसभन्दा पनि बढी आफ्ना बालबच्चाको भविष्यको चिन्ता रहनेछैन र यस प्रकारले जब स्त्री र पुरुषको बिचमा वास्तविक समानता स्थापित हुनेछ, तब सम्पूर्ण विगत अनुभवले के बताउँछ भने, यस समानताको परिणामस्वरूप नारीको यूथ विवाहलाई भन्दा पुरुषहरूको पत्नी व्रतालाई कता हो कता बढी सघाउ पुऱ्याउनेछ।

परन्तु, एकनिष्ठ विवाहबाट निःसन्देह ती लाक्षणिक विशेषताहरू बिलाउनेछन्, जुन स्वामित्वका सम्बन्धहरूको उत्पत्तिको फलस्वरूप लादिएका छन् अर्थात् पहिलो कुरा पुरुषको आधिपत्य र दोस्रो कुरा, विवाह सम्बन्ध विच्छेद गर्ने सम्भाव्यता। दाम्पत्य जीवनमा पुरुषको आधिपत्य उसको आर्थिक आधिपत्यको सामान्य नतिजा हो र आर्थिक आधिपत्य नष्ट हुनासाथै यो कुरा पनि स्वतः बिलाएर जानेछ। विवाह सम्बन्ध विच्छेद गर्नमा लगाइएको प्रतिबन्ध अंश ती आर्थिक परिस्थितिहरूको परिणाम हो, जसबाट एकनिष्ठ विवाहको उत्पत्ति भएको थियो, अंश त्यस बेलादेखि चल्दै आएको परम्परा हो, जब एकनिष्ठ विवाहसँग यी आर्थिक परिस्थितिहरूको सम्बन्ध सही रूपमा बुझिएको थिएन र धर्मले यसको विकृत अर्थ लगाइदिएको थियो। विवाह सम्बन्ध विच्छेदमाथि लगाइएको यस प्रतिबन्धको आजै पनि हजारौं तारिकाले उल्लङ्घन गरिन्छ। यदि प्रेममा आधारित विवाह मात्रै नैतिक हुन्छ भने त्यसै बेलासम्म मात्र त्यस विवाहलाई नैतिक मात्र सकिन्छ, जबसम्म पारस्परिक प्रेम कायम रहन्छ। परन्तु, व्यक्तिगत यौन-प्रेमको आवेगको अवधि प्रत्येक व्यक्तिको लागि र खासगरी पुरुषको लागि बेग्लाबेग्लै हुन्छ र नयाँ चर्को अनुरागले यसको स्थान लियो भने पारपाचुके त्यस दम्पत्तिको साथसाथै समाजको लागि समेत वरदान बन्न पुग्दछ। केबल मानिसहरूलाई पारपाचुके सम्बन्धी मामिला बेहोर्नुपर्ने अनावश्यक झमेलाबाट मात्र मुक्त पार्नुपर्दछ।

यस प्रकारले पुँजीवादी उत्पादनको भावी उन्मूलनपछि नारी र पुरुषको बिचको सम्बन्धले कस्तो रूप लिनेछ भन्ने विषयमा हामी मूलरूपमा नकारात्मक अनुमानहरू मात्र गर्न सक्दछौं अर्थात् हाम्रा यी अनुमानहरू मुख्यतयाः कुन-कुन कुरा बिलाउनेछन् भन्नुमै सीमित रहन्छन्। तर, केले यी सम्बन्धहरूको स्थान लिने छ ? जब एक नयाँ पिँढी, जो वास्तविक प्रेम सिवाय अन्य कुनै पनि कारणले पुरुषसमक्ष आत्मसमर्पण गर्न बाध्य हुनेछैन, आर्थिक परिणामहरूको त्रासले गर्दा आफ्नो प्रेमसित यौन-सम्बन्ध नराख्न बाध्य हुनेछैन, हुर्किनेछ, त्यसै बेला मात्र यस कुराको टुङ्गो लाग्ने छ।

वर्गहरूको प्रतिपक्षतालाई आफ्नो वंशमा राख्ने आवश्यकताले गर्दा र ती वर्गहरूको प्रतिद्वन्द्वीताको फलस्वरूप पनि राज्यको उत्पत्ति भएको हुँदा राज्य स्वभावतः सबैभन्दा शक्तिशाली र आर्थिकरूपले प्रभुत्वशाली वर्गको बन्दछ, जुन वर्ग राज्यको सहायताबाट राजनीतिकरूपमा पनि प्रभुत्वशाली वर्ग बन्दछ र यस प्रकारले उप्तीडित वर्गको दमन र शोषणको लागि नयाँ साधनहरू प्राप्त गर्दछन्। यसरी प्राचीन राज्य सबैभन्दा पहिले दासहरूको दमनको लागि बनेको स्वामीहरूको राज्य थियो र सामन्ती राज्य, भूदास तथा अधीनस्थ किसानहरूको दमनको लागि बनेको कुलिन घरानियाँहरूको निकाय थियो भने आधुनिक प्रतिनिधि-सत्तात्मक राज्य पुँजीवादी ज्यालादारी श्रमको शोषण गर्ने हतियार बनेको छ।

इतिहासमा परिचित धेरैजसो राज्यहरूमा नागरिकहरूलाई उपलब्ध गराइएका अधिकारहरू तिनको आर्थिक स्थितिको अनुपातमा निर्धारित गरिन्छन् र यसैद्वारा घोषणा गरिन्छ। राज्य भनेको सम्पन्न वर्गको संगठन हो र विपन्न वर्गबाट उसको रक्षा गर्ने हेतुले खडा गरिएको हो। राज्यको सर्वोच्च रूप अर्थात् जनवादी गणतन्त्र हाम्रा आधुनिक सामाजिक अवस्थाहरूमा झन् झन् अनिवार्य आवश्यकता बन्दै गइरहेको छ र यो राज्यको त्यस्तो रूपा हो। जसमा मात्र सर्वहारा वर्ग र बुर्जुवा वर्गका बिचको अन्तिम र निर्णायक संघर्षलाई अन्तिम चरणसम्म पुऱ्याउन सकिन्छ र यस जनवादी गणतन्त्रमा धन सम्पत्तिको आधारमा हुने भेदभावले वैधानिक रूपले मान्यता पाएको हुँदैन।

**मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। - सं.**

# वायनाड पहिरोमा फसेकामध्ये २१५ जना मृत फेला, २०६ अझै बेपत्ता

**काठमाडौं/एजेन्सी–** केरलाका मुख्यमन्त्री पिनाराई विजयनले पहिरो प्रभावित वायनाडमा फसेकामध्ये २१५ जना मृत फेला परेको र २०६ व्यक्ति अझै बेपत्ता रहेको बताएका छन् । उनले उद्धार कार्य अन्तिम चरणमा रहेको पनि बताए ।

उनले भने, 'पहिरोमा फसेकामध्ये २१५ जनाको उद्धार गरिएको छ भने २०६ जना अझै बेपत्ता रहेका छन् । पहिरोमा परी घाइते अवस्थामा उद्धार गरिएका ८३ जनाको जिल्लाका विभिन्न अस्पतालमा उपचार भइरहेको र कुल १० हजार ४२ जनालाई आश्रय शिविरमा सारिएको छ ।'



केरलाका स्वास्थ्य मन्त्री वीणा जर्जका अनुसार पछिल्लो अपडेट अनुसार ९८ पुरुष, ८७ महिला, ३० बालबालिका गरी २१५ जनाको मृत शरीर पहिरोबाट निकालिएको र १४३ शरीरका अंगहरु फेला परेका र हालसम्म २१२ शवको पोष्टमार्टमको प्रक्रिया पूरा भएको छ ।

मुख्यमन्त्रीले प्रारम्भिक चेतावनी प्रणालीलाई परिमार्जन गर्न आवश्यक रहेको र जलवायु परिवर्तनको ढाँचालाई ध्यानमा राखेर वर्णनात्मक चेतावनी प्रणालीको विकास गर्नुपर्ने उल्लेख गरेका छन् । पहिरोले पुरै भत्किएको छुरलमालाको वस्तीलाई सारी अर्को वस्ती निर्माण गर्नुपर्ने देखिएको मुख्यमन्त्री विजयनले बताए ।

यसैबीच, वायनाडबाट लोकसभामा निर्वाचित विपक्षी नेता राहुल गान्धीले चुरलमालामा १०० घर निर्माण गर्ने घोषणा गरेका छन् । कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाले पनि १०० घर निर्माण गर्ने प्रस्ताव गरेका छन् । उनले मुख्यमन्त्री दैवी प्रकोप राहत कोषमा चन्दा नेट बैंकिङमार्फत गर्न सकिने बताउँदै र राहत कोषमा योगदान पुऱ्याउने कलाकार, प्रतिपक्षी दलका नेता, उद्योगी व्यवसायीलगायतलाई पनि धन्यवाद दिएका छन् ।

# मध्यपूर्वमा सैन्य उपस्थिति बढाउँदै अमेरिका

**काठमाडौं/एजेन्सी–** यस हप्ताको सुरुमा तेहरानमा हमासका वरिष्ठ नेता इस्माइल हानियाको हत्याले मध्यपूर्व क्षेत्रमा तनाव बढ्दै जाँदा अमेरिकाले उक्त क्षेत्रमा आफ्नो सैन्य उपस्थिति बढाइरहेको सिएनएनले जनाएको छ ।



'रक्षा सचिव लोयड अस्टिनले हाल ओमानको खाडीमा तैनाथ रहेको युएसएस थियोडोर रुजवेल्ट स्ट्राइक ग्रुप नामक नौसैनिक जहाजलाई युएसएस अब्राहम लिंकन स्ट्राइक ग्रुपले प्रतिस्थापन गर्न आदेश दिनुभएको छ,' पेन्टागनकी उप-प्रेस सचिव सबरीना सिंहले एक विज्ञप्तीमार्फत बताइन् ।

अमेरिकाले ब्यालिस्टिक मिसाइल आक्रमण रोक्न सक्षम विध्वंसक मिसाइल र सैन्य जहाजहरु मध्यपूर्व र भूमध्यसागरमा पठाउने सिएनएनले जनाएको छ । विज्ञप्तिमा कुन युद्धपोत पठाइएको छ भनेर खुलाएको छैन । तर अप्रिलमा पूर्वी भूमध्यसागरमा इजरायल विरुद्ध इरानको आक्रमण रोक्नमा दुई अमेरिकी सैन्य जहाज प्रयोग गरिएको थियो । 'अस्टिनले यस क्षेत्रमा लडाकु मिसाइल पनि तैनाथ गर्न आदेश दिनुभएको छ,' सिंहले भनिन् ।

अमेरिकाले पहिले नै यस क्षेत्रमा 'यूएसएस वास्प एम्फिबियस' नामक सैन्य जहाज तैनाथ गरेको छ जुन आवश्यकता भएमा आदेशअनुसार लेबनानमा रहेका अमेरिकी नागरिकहरूको उद्दार गर्न सक्षम छ ।

इरानले तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्याको बदलामा इजरायलमाथि आक्रमण गर्ने वाचा गरेसँगै मध्यपूर्वी क्षेत्रमा तनाव बढेको हो । इजरायलले भने हानियाको हत्याको बारेमा कुनै टिप्पणी व्यक्त गरेको छैन ।

# बंगलादेशमा विद्यार्थीद्वारा राष्ट्रव्यापी नागरिक अवज्ञाको माग

**काठमाडौं/एजेन्सी–** प्रधानमन्त्री शेख हसिनाको सरकारले प्रदर्शनकारीमाथि प्रहरीले गरेको दमनको विरोधमा विद्यार्थी नेताहरूले शनिबार देशव्यापी नागरिक अवज्ञा अभियानको घोषणा गरेका छन् । देशव्यापी नागरिक अवज्ञा अभियानका आइतबारदेखि शुरू गर्ने उनीहरूले जनाएका छन् ।



गत महिनालाई प्रधानमन्त्री हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा हिंसा भएको महिनाका रूपमा हेरिएको छ । निजामती सेवामा आरक्षणको विरोधमा गरिएको आन्दोलनका क्रममा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ ।

केही समयका लागि सैनिक तैनाथीले सुव्यवस्था कायम गरेपनि मुस्लिम बहुल राष्ट्र बंगलादेशमा नमाज प्रार्थनापछि ठूलो संख्यामा भीड सडकमा उत्रिएको थियो र सरकारलाई थप सहुलियतका लागि दबाब दिन विद्यार्थी नेताहरूले अवज्ञा आन्दोलनमा व्यापक सहभागिता जनाउन आग्रह गरेका छन् ।

प्रारम्भिक विरोध प्रदर्शनको आयोजना गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'ले समर्थक तथा शुभचिन्तकलाई आइतबारदेखि देशव्यापीरूपमा असहयोग आन्दोलन शुरु गर्न आग्रह गरेको हो ।

समूहका असिफ महमुदले एएफपीसँग भने, 'कर र युटिलिटी बिल नतिर्ने, सरकारी कर्मचारी पनि हडताल सहभागी हुने र बैंकहरूमार्फत विदेशी रेमिटेन्स भुक्तानी रोक्नेजस्ता माग समावेश गरिएको छ ।'

विद्यार्थीहरूले गत महिना भएको हिंसाका लागि हसिनाले सार्वजनिक रूपमा माफी माग्नुपर्ने र उनका केही मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने माग गरिरहेका छन् । उनीहरूले आन्दोलनलाई कारण देखाउँदै सरकारले बन्द गरेका देशभरका विद्यालय र विश्वविद्यालयहरू तत्काल पुनः सञ्चालन गर्नुपर्ने मा जोड दिएका छन् ।

प्रधानमन्त्री हसिना सरकारको विरोध गर्दै सडकमा भीड अझै बढेको छ । शनिबार राजधानी ढाकामा भएको प्रदर्शनहरूमध्ये एक स्थानबाट एएफपीसँग २० वर्षीया निजुम यास्मिनले भनिन्, 'हामीलाई यो अधिनायकवादी सरकारको खाँचो छैन । के हामीले प्रशासनद्वारा हाम्रा भाइबहिनीहरूलाई गोली हानेर मारेको हेर्न देशलाई स्वतन्त्र बनाएका हौं ?'

यो असहयोग रणनीति सन् १९७१ मा पाकिस्तानविरुद्ध बंगलादेशको मुक्ति संग्रामको क्रममा गरिएको ऐतिहासिक नागरिक अवज्ञा अभियानसँग मेल खान्छ । उक्त आन्दोलनको नेतृत्व प्रधानमन्त्री हसिनाका पिता शेख मुजिबुर रहमानले गरेका थिए । उनी देशको स्वतन्त्रताका लागि लडेका एक नेता हुन् । यसलाई बंगलादेशीहरूले निरंकुशताविरुद्धको गर्वपूर्ण लडाइँको एक भागको रूपमा सम्झन्छन् ।

इलिनोइस स्टेट युनिभर्सिटीका राजनीतिशास्त्रका प्राध्यापक अली रियाजले एएफपीसँग भने, 'अब आन्दोलनको तालिका बदलिएको छ । शासनको जग हल्लिएको छ, अजेयताको आभा हराएको छ । के हसिना निकास खोज्न तयार हुनुहुन्छ वा अन्तिमसम्म लड्न तयार हुनुहुन्छ भन्ने सवाल प्रमुख बनेर आएको छ ।'

उनका प्रेस सचिव नायमुल इस्लाम खानले एएफपीलाई बताएअनुसार प्रधानमन्त्रीले शनिबार विद्यार्थीहरूको माग सम्बोधन गर्न 'बिनाशर्त वार्ता' गर्ने प्रस्ताव गरेका छन् । खानले भने, 'प्रधानमन्त्री हसिना विद्यार्थीहरूसँग वार्तामा बस्न तयार हुनुहुन्छ । उहाँ थप द्वन्द्व नहोस् भन्ने पक्षमा हुनुहुन्छ ।' महमुदले एएफपीसँग कुरा गर्दै विद्यार्थीहरूले उक्त प्रस्ताव अस्वीकार गरेको बताए ।

सन् २००९ देखि बंगलादेशमा शासन गर्दै आएकी ७६ वर्षीया हसिनाले गत जनवरीमा भएको निर्वाचनबाट लगातार चौथो कार्यकालका आफूलाई अनुमोदित गरेकी थिइन् । यद्यपि, निर्वाचनमा वास्तविक विपक्षीहरूको सहभागिता रहेको थिएन ।

हसिना सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप लगाउँदै आएका छन् ।

बंगलादेशको सर्वोच्च अदालतले आधाभन्दा बढी सरकारी जागिर निश्चित समूहका लागि आरक्षित गरेको कोटा योजनालाई पुनः लागू गरेको विरोधमा जुलाईको शुरुमा प्रदर्शन शुरु भएको थियो ।

सरकारी आँकडाअनुसार करिब एक करोड ८० लाख युवा बंगलादेशीहरू बेरोजगार छन् र यो कदमले गम्भीर रोजगारी सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई निराश बनाएको छ ।

प्रहरी र सरकार समर्थित विद्यार्थी समूहहरूले प्रदर्शनकारीहरूमाथि आक्रमण नगरेसम्म प्रदर्शनहरू धेरै हदसम्म शान्तिपूर्ण थिए ।

सरकारले अन्ततः राष्ट्रव्यापी कर्फ्यू लगायो, सेना परिचालन गऱ्यो र देशको मोबाइल इन्टरनेट नेटवर्क ११ दिनका लागि बन्द गऱ्यो ।

युरोपियन युनियनका विदेश नीति प्रमुख जोसेप बोरेलले यसै साता 'प्रदर्शनकारीविरुद्ध अत्यधिक र घातक शक्ति' को प्रयोग भएको भन्दै अन्तर्राष्ट्रिय छानबिनको माग गरेका थिए ।

गृहमन्त्री असदुज्जमान खानले गत साता पत्रकारसँग कुरा गर्दै सुरक्षा फौजले संयमताका साथ काम गरिरहेको तर सरकारी भवनको रक्षाका लागि 'गोली चलाउन बाध्य भएको' बताएका थिए ।

संयुक्त राष्ट्रसंघीय (युनिसेफ)का अनुसार बंगलादेशमा आरक्षणको विरोधमा विद्यार्थीले गरेको प्रदर्शनका क्रममा कम्तीमा ३२ बालबालिकाको मृत्यु भएको छ । युनिसेफका एक प्रवक्ताका अनुसार मारिएका मध्ये एक जना पाँच वर्षको पनि नभएको बताइएको छ । मारिनेमध्ये अधिकांशले विरोध प्रदर्शन हेरिरहेका थिए ।

युनिसेफका दक्षिण एसिया क्षेत्रीय निर्देशक सञ्जय विजेसेकराले यसै साता आफ्नो बंगलादेश भ्रमणका क्रममा धेरै बालबालिकालाई हिरासतमा राखिएकोबारे आफूलाई जानकारी गराइएको र ३२ बालबालिकाको मृत्यु भएको पुष्टि गरे ।

# बढ्यो मंकिपक्स संक्रमण

**काठमाडौं/एजेन्सी–** यस वर्षसम्म मंकिपक्स मामिलाहरू १६० प्रतिशतले बढेको अफ्रिकाका विभिन्न अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीले बताएका छन् । मंकिपक्स भाइरसको कारणले सर्ने र मानिस तथा जनावरहरूमा देखापर्ने संक्रामक रोग हो । यो रोग लागेमा ज्वरो आउने, लसिका ग्रन्थीहरू सुन्निने, छालामा फोका देखापर्ने, र पाप्रा लाग्नेजस्ता लक्षणहरू देखिन्छन् ।

यो भाइरसको संक्रमण कङ्गोसहित १० अफ्रिकी देशहरूमा फेला परेको अफ्रिकी रोगथाम तथा नियन्त्रण केन्द्रले बुधबार जारी गरेको प्रतिवेदनमा भनिएको छ । कङ्गोमा लगभग ७० प्रतिशत संक्रमणहरू १५ वर्ष भन्दा कम उमेरका बालबालिकामा छन् । कङ्गोमा मंकिपक्स संक्रमित ८५ प्रतिशत व्यक्तिको मृत्यु भएको जनाइएको छ ।

यस वर्ष अहिलेसम्म १४ हजार २५० संक्रमित भेटिएको अनुमान गरिएको छ । बुरुन्डी र रुवान्डा दुबै देशमा यस हप्ता पहिलो पटक भाइरस फेला परेको पुष्टि गरिएको छ ।

# स्वीडेनद्वारा लेबनानस्थित दूतावास बन्द



**काठमाडौं/एजेन्सी–** स्वीडेनले लेबनानको बेरुतस्थित आफ्नो दूतावास बन्द गरेको शनिबार जनाएको छ । हजारौं नागरिकलाई लेबनान छोड्न आग्रहसहित गाजामा युद्ध बढ्न सक्ने सम्भावना पछि दुतावास बन्द गर्ने निर्णय गरेको जनाइएको छ ।

यस हप्ता भएको हमास र हेजबुल्लाह नेताहरूको हत्याले गाजा युद्धको बीचमा थप क्षेत्रीय तनाव बढाएको छ । स्वीडेनको विदेश मन्त्रालयले आफ्ना कर्मचारीलाई बेरुत छोडेर साइप्रस जान निर्देशन दिँदै दूतावास अस्थायी रूपमा स्थानान्तरण गर्ने योजना बनाइरहेको विदेश मन्त्री टोबियास बिलस्ट्रोमले बताए ।

उक्त निर्णय शुरुवाती चरणमा अगस्ट महिनाको लागि लिइएको जनाउँदै उनले सुरक्षा अवस्थाका आधारमा विस्तार गर्न सकिने उल्लेख गरेका छन् । विदेश मन्त्रालयका अनुसार सन् २०२३ अक्टोबरदेखि जारी गरिएको चेतावनी वावजुत दश हजार स्वीडेनका नागरिक लेबनान गएका हुनसक्ने उल्लेख गर्दै विदेश मन्त्री बिलस्ट्रोमले लेबनानमा रहेका स्वीडेनका नागरिकलाई सो देश छोडी अन्यत्र जान आग्रह गरेका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ANSAB GENERAL CONTRACTING COMPANY शहर: Saudi Arabia, Damman
पूर्व स्वीकृत मिति: २०८१/04/१८ चलानी नं.: ६०२२३०३३ L.T. No.: 308328

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labors | 55 | 0 | | 1000 | ३५,६३० | | | | | | | |
| 3. | Heavy Truck Drivers | 30 | 0 | | 1800 | ६४,१३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते (11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. ०९९/०५३/००५४
अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: 01-४५६६७३३, 01-४५८५७३0
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time
Mobile : 9801314441 | 9801314442 | 9801314443 | 9801314445

## Kuwait रोजगार | Al-Hana United Gen. Trad. & Cont. Co.

पुन विज्ञापन । पुर्व स्वीकृती मिति: २०७९/१०/२३ चलानी नं. ६०१९६२०१ LT No.: 280567

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 23 | 0 | काममा दक्ष | 85 | ३७,२५७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Salesperson | 0 | 8 | | 130 | ५६,९८२/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ साउन २७ गते (11 Aug., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Lic. No.: 1011/068/069
Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

## कतारमा रोजगार | कम्पनी: CROMPTON INTERNATIONAL TRADING CONTRACTING & SERVICES WLL शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८१/04/१६ चलानी नं.: ६०२२२९७० L.T. No.: 308263

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 15 | 0 | स. काममा दक्ष | 1100 | ४०,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Pipe Fitters/Plumber, Fabricators, Helpers पनि माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला । Driver light vehicle with qatar license

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
अल- सहेली म्यानपावर प्रा. लि.
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४९८७३७२, ४९८७७४०, फ्याक्स: ४९८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

## साउदीमा रोजगार | कम्पनी: COMPLETE SOLUTIONS COMPANY LIMITED शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०८१/04/१८ चलानी नं.: ६०२२३०२७ L.T. No.: 307699

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Manager | 1 | 0 | स. काममा दक्ष | 5000 | १७८,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते(11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५४५/०६१/०६२
FAMOUS HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660. Mobile No: 9801307500
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np

## ओमनमा रोजगार | कम्पनी: HANI ARCHIRODON LIMITED LIABILITY COMPANY शहर: Oman

पुर्व स्वीकृत मिति: २०८१/०४/१८ चलानी नं.: ६०२२३०३२ L.T. No.: 308348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Forms Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 6 | 0 | | 120 | ४१,४२३ | | | | | | | |
| 3. | Construction Worker | 7 | 0 | | 100 | ३४५१९ | | | | | | | |
| 4. | General Welder | 1 | 0 | | 120 | ४१,४२३ | | | | | | | |
| 5. | Seaman | 8 | 0 | | 150 | ५१७७८ | | | | | | | |
| 6. | Ship Mechanic General | 8 | 0 | | 120 | ४१,४२३ | | | | | | | |
| 7. | Wiring Electrician (General) | 1 | 0 | | 120 | ४१,४२३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते (11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1035/072/073
Lulu International Pvt. Ltd.
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549,9841301232, 9818065184

मध्यान्ह
www.madhyanhadaily.com
२० साउन २०८१, आइतबार
4 August 2024, Sunday

# बक्स अफिस समाचार

## शोभा त्रिपाठीले ल्याइन् 'सँईले झुक्यायो मज्जैले'

**किस्ना आचार्य रोशनी/मध्यान्ह**
काठमाडौं, १९ साउन

हिन्दु नारीहरुको महान पर्व हरितालिका तिज नजिकिँदै गर्दा तिज पर्वलाई लक्षित गर्दै तिज विशेष गीतहरु सार्वजनिक हुने क्रम जारी रहेको छ।

विशेषगरी नारीहरुको पर्व मानिने तिजमा एक विवाहित चेली माइत आएको बेला आफूले पराइको घरमा गर्नुपरेका दु:ख या सुखका अनुभूतिहरुलाई गीतको माध्यमबाट आफ्ना साथीसंगी तथा आफ्ना माइतीहरुलाई सुनाउने या आफूलाई मन परेका जोडीहरुले (श्रीमान, श्रीमतीलेसमेत) एक अर्काको प्रशंसा गर्दै आफ्नो




मनोभावना व्यक्त गर्ने चलन परापूर्वकालदेखि चल्दै आएको छ।

तिज गीतहरू सार्वजनिक हुने क्रममा गायिका तथा प्रस्तोता शोभा त्रिपाठीले पनि भर्खरै मात्र आफ्नो तिज कोसेली 'सँईले झुक्यायो मज्जैले' बोलको तिज गीत सार्वजनिक गरेकी छन्। गीतमा शोभालाई नरेश रेग्मीले स्वरमा साथ दिएका छन् भने नेत्र अर्यालको लय तथा शब्द सिर्जना रहेको छ। बिक्रम चौहानले गीतको कथा/नृत्य निर्देशन गरेका छन् भने प्रकाश खड्काको छायाँकन रहेको छ। मिलन विश्वकर्माले सम्पादन गरेको गीतको भिडियोमा शोभा त्रिपाठी आफैंले अभिनय गरेकी छन्। उनलाई रमेश विश्वकर्माले साथ दिएका छन्। विगत लामो समयदेखि गायन र अभिनयसँगै कार्यक्रम प्रस्तोता, विभिन्न मेला महोत्सव, सांगीतिक कार्यक्रममा होस्टलगायत विभिन्न माध्यमबाट सांगीतिक यात्रामा निरन्तर सक्रिय रहँदै आएकी शोभाका थुप्रै गीतहरू सांगीतिक बजारमा उपलब्ध छन्।

# आश्मा बनिन् मिस नेपाल



**काठमाडौं/मस-** मिस नेपाल २०२४ को उपाधि आश्माकुमारी केसीले जितेकी छन्। हिडन ट्रेजरले आयोजना गरेको मिस नेपालको ३०औं संस्करणमा २५ सुन्दरीलाई पछि पार्दै आश्माले 'मिस नेपाल वर्ल्ड'को उपाधि जितेकी हुन्।

शनिबार भएको ग्राण्ड फिनालेमा केसीलाई मिस नेपाल २०२४ को उपाधि प्रदान गरियो। उनलाई मिस नेपाल २०२३ की विजेता श्रृच्छा प्रधानले क्राउन हस्तान्तरण गरेकी थिइन्।

'मिस नेपाल इन्टरनेशनल'को उपाधि भने करुणा रावतले जितिन्। त्यस्तै, मिस नेपाल अर्थको उपाधि सुमना केसी र मिस इन्टेलेक्चुअलको उपाधि दिक्षा अवस्थीले उचालिन्।

अन्य विधाहरुमा श्रद्धा सिलवाल मिस फोटोजेनिक, आश्मा कुमारी केसी फेस अफ द ईयर, दिक्षा अवस्थी मिस इन्टलेक्चुअल, सुमना केसी ब्युटी विथ अ पर्पोज र वुमन विथ विंग्स कृति श्रेष्ठ बनिन्। हरेक विधाका विजेताले २५-२५ हजार नगद पुरस्कार हात पारे।

यो वर्ष २६ सुन्दरीहरु सौन्दर्य प्रतियोगितामा सहभागी थिए। शुभेच्छा कार्की, आश्माकुमारी केसी, सुमना केसी, निभिता चापागाईं, सिम्रिका मानन्धर, आँचल खत्री, उर्जा नेवा, करुणा रावत, अञ्जना पुन, राधिका थापा, इभा गिरी, दृष्टि थापा, दिक्षा अवस्थी, इरिना श्रेष्ठ, ललिता शेरबुजा, किम्ती श्रेष्ठ, प्रेभिटा स्वाँर, रोशनी दाहाल, समीक्षा निरौला, प्रसुना भुसाल, पूजा बराल, अम्बिका राना, साइरा खड्का, अनिशा मल्ल श्रद्धा सुमन सिलवाल र सामिन कोइराला सहभागी थिए।

कार्यक्रममा ११ निर्णायकहरु थिए। जसमा डा. रुपक घिमिरे, लक्ष्मी भण्डारी, रेना रिजाल, विजय कर्मचार्य साहारा बस्नेत राणा, कलाकार दिव्य देव, प्रियंका रानी जोशी, शरद भेषावकर, रियासा दाहाल, विष्णुहरि पाण्डे सकुन भण्डारी थिए।

## तिजको मौलिकता बोकेको 'छोरी भ'र जन्मनु' सार्वजनिक




**काठमाडौं/मस-** नेपाली समुदायमा एक कालो परम्परा अझै गाडिएको छ, छोरा नजन्मेसम्म बच्चा जन्माइरहने। सात वटी छोरी जन्मिसक्दा पनि छोराको चाहना राख्नेहरू अझै छन्। कुल र वंश धान्न पनि छोरो चाहिने एक रुढीवादी परम्परा अझै गडेको छ।

सात वटी छोरीमध्ये कान्छी छोरीको विवाह एक जँडिया अबुझ केटासँग हुन्छ। ती कान्छीको कर्मले श्रीमान मात्र होइन सासु पनि निकै रुखो स्वभाव र दुर्जन व्यवहारको पाउँछिन्। शुक्रबार बाबा इन्टरटेनमेन्ट टिभि च्यानलबाट सार्वजनिक गरिएको तिज गीत 'छोरी भ'र जन्मनु'मा उक्त कथासहितको भिडियो समावेश छ।

उक्त गीतका शब्द र गीत म्याग्दीमा जन्मिएर कतारलाई कर्मथलो बनाउँदै आएका सञ्चारकर्मी तथा गीतसंगीत व्यवसायी तिलु शर्मा पौडेल र पर्वतमा जन्मिएर क्यानडालाई कर्मथलो बनाउँदै आएका गायक तथा सर्जक प्रवेश पौडेलले मिलेर संकलन गरेका हुन्। पछिल्लो समयकी व्यस्त तथा सफल गायिका शान्ति श्री परियारले आवाज भरेको उक्त गीतको संगीत संयोजन याम थापा मगरले गरेका हुन्।

बुहारीका रूपमा स्मारिका ढकालको केन्द्रीय भूमिका रहेको गीतको भिडियोमा अंशु थापा महर्जनले सासुको भूमिकामा अभिनय गरेकी छिन्। सन्ध्या अर्यालले जेठी छोरी (नर्स) र वर्षा लम्सालले कलेज पढ्दै गरेकी कान्छी छोरीको भूमिका निभाएकी छिन्। पछिल्लो समयका अति व्यस्त निर्देशक प्रवीण थापाको कथा तथा कोरियोग्राफीमा तयार भएको भिडियोलाई अजय रेग्मीले खिचेका हुन् भने अमृत चापागाईंले सम्पादन गरेका छन्।

छोरी भएर जन्मनु कुन जुनीको पाप हो भन्दै शुरु हुने भिडियोमा छोरी र बुहारीबीच भिन्नता देख्न नहुने, नारी सबै एकै हुन् भन्ने सन्देशमूलक कथा समावेश गरिएको छ। भाग दुई बनाउने लक्ष्यसहित भिडियोको अन्त्यमा माइतीको आगनीमा नाच्दै आफ्नो पीडा सुनाउँदै गरेकी बुहारी एक्कासी बेहोस हुँदै ढल्छिन्। सरल र आकर्षक भिडियोमा केही सस्पेन्स क्रियट गर्दै अन्त्यमा टु बि कन्टिन्युमा लगेर कथा तथा भिडियोको समापन गरिएको छ।

## जोगिन्दरले ल्याए गाईजात्रे झटारो 'ठग-ठाग कम्पनी'



**काठमाडौं/मस-** हास्य र व्यंग्यको पर्व 'गाईजात्रा'लाई लक्षित गर्दै हरेक वर्ष विभिन्न हास्यव्यंग्य सामग्री सार्वजनिक हुने गरेका छन्। यस्तैमा लोकप्रिय कलाकार शिव शंकर रिजाल 'जोगिन्दर'ले आगामी 'गाईजात्रा'लाई लक्षित गर्दै गाईजात्रे कमेडी 'ठग-ठाग कोसेली' ल्याएका छन्। दर्शक तथा स्रोतालाई हास्यव्यंग्यको माध्यमबाट विशुद्ध मनोरञ्जन दिन र विकृति विसंगतीमाथि प्रहार गर्दै चेतना प्रवाह गर्ने उद्देश्यले उनले 'ठग-ठाग कोसेली' ल्याएका हुन्।

विगत २२ वर्षदेखि नियमित व्यंग्यका कोसेली दिँदै आएका जोगिन्दरको 'ठग-ठाग कम्पनी' ओएसआरको युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो। अहिलेको राजनीतिक घटनाक्रम, सामाजिक विकृति विसंगतिदेखि फेसन र ग्ल्यामरसम्मलाई उनले 'ठग-ठाग कम्पनी'मा व्यंग्यको मसला बनाएका छन्।

लेखन, निर्देशन, प्रस्तुतिसमेत 'जोगिन्दर'कै रहेको 'ठग-ठाग कम्पनी'मा प्यारोडी पनि छ। यसपटक उनले 'काले केटाले' भन्ने चर्चित गीतमा प्यारोडी बनाएका छन्। गीतमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डदेखि नेपाली कांग्रेसका सभापति शेरबहादुरसम्मलाई उतारेका छन्। रिजालको 'ठग-ठाग कम्पनी' २२औं कोसेली हो। गत वर्ष उनले 'लुछाचुँडी' ल्याएका थिए।

जोगिन्दरको 'ठग-ठाग कम्पनी'मा राधिका हमाल, गोपाल ढकाल 'छन्दे', दिनेश काफ्ले, सुरेश तिमिल्सेना, शिला उप्रेती, शिवराम कार्की, सोनम शेर्पा, विजेन्द्र नौबागे, धिरेन्द्र सिंह, सावित्री लामिछाने, पोसना श्रेष्ठ, बेदमणि अधिकारी र प्रेम शर्मा पौडेल रहेका छन्। 'ठग-ठाग कम्पनी'को पोष्ट प्रोडक्सन कोचे मिडियाले गरेको हो।

गाईजात्रा हास्य कलाकारका लागि एउटा महान उत्सव भएकाले सधैं झैं यो वर्षपछि गाईजात्रे झटारो ल्याएको कलाकार रिजालले बताए। 'अहिले यस्ता कोसेलीको व्यावसायिकता त छैन,' रिजालले भने, 'वर्षेनी दर्शकस्रोता मेरो कोसेलीको पर्खाइमा बस्नुहुन्छ।' दर्शकको मायाले गर्दा पनि यो वर्ष पनि गाईजात्रे कमेडीमा निरन्तरता दिएको रिजालको भनाइ छ। 'हरेक वर्ष झैं यो वर्ष पनि दर्शकले माया दिनुहुन्छ भन्ने बिश्वास छ,' रिजालले थपे।

विसं २०६१ सालदेखि हरेक वर्ष निरन्तररुपमा गाईजात्रे प्रस्तुति बजारमा ल्याइरहेका रिजाल गाईजात्रामा हास्यव्यंग्य कार्यक्रम गर्नु, प्रस्तुति ल्याउनु हास्य कलाकारको धर्म नै मान्दछन्। शिवशंकर अहिले 'नाचघरमा आयोजना हुने 'गाईजात्रा कार्यक्रम'को तयारीमा छन्।


**चन्द्रनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चन्द्रनगर, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/२०**

यस चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतको कार्यालयमा कार्य गर्न तपसिल बमोजिमको पद र संख्यामा खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मिति बाट १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**तपसिल**

| विज्ञाप्न नं. | पदको नाम | तह | संख्या | शैक्षिक योग्याता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| ०१/०८१/८२ | पशु चिकित्सक | छैठौं | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उर्तिण भएको वा सो सरह | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०२/०८१/८२ | कम्प्युटर अपरेटर | पाचौं | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह उर्तिण र ६ महिने कम्प्युटर तालिम प्राप्त भएको वा सो सरह | प्रारम्भीक छनौट र प्रयोगात्मक तथा अन्तर्वाता |
| ०३/०८१/८२ | सहायक कम्प्युटर अपरेटर | चौथो | २ | मान्याता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई. वा सो सरह उर्तिण र ६ महिने कम्प्युटर तालिम प्राप्त भएको वा सो सरह | प्रारम्भीक छनौट र प्रयोगात्मक तथा अन्तर्वाता |
| ०४/०८१/८२ | अमिन | चौथो | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उर्तिण गरी Survey वा Geomatics विषयमा कम्तीमा १ बर्षको तालिम प्राप्त गरेको हुनु पर्ने। | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०५/०८१/८२ | प्राविधिक सहायक, कृषि | पाचौं | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा प्रमाण पत्र तह वा ३ बर्षे डिप्पलोमा उर्तिण भएको | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०६/०८१/८२ | ना.प्रा.स. कृषि | चौथो | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उर्तिण गरी न्युनतम १ बर्षे जे.टि.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा मान्याता प्राप्त शिक्षणबाट कृषि विषय लिई टि.एस.एल.सी. उर्तिण भएको हुनुपर्ने। | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०७/०८१/८२ | प्रा.स., पशु | पाचौं | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट पशु विषयमा प्रमाण पत्र तह वा ३ बर्षे डिप्पलोमा उर्तिण भएको | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०८/०८१/८२ | ना.प्रा.स, पशु | चौथो | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उर्तिण गरी न्युनतम १ बर्षे जे.टि.ए.(पशु विज्ञान) तालिम प्राप्त वा मान्याता प्राप्त शिक्षणबाट पशु विषय लिई टि.एस.एल.सी. उर्तिण भएको हुनुपर्ने। | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ०९/०८१/८२ | ना.प.से.प्रा. पशु | चौथो | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उर्तिण गरी न्युनतम १ बर्षे जे.टि.ए.(पशु विज्ञान) तालिम प्राप्त वा मान्याता प्राप्त शिक्षणबाट पशु विषय लिई टि.एस.एल.सी. उर्तिण भएको हुनुपर्ने। | प्रारम्भीक छनौट र अन्तर्वाता |
| १०/०८१/८२ | प्रा.स. शिक्षा | पाचौं | १ | मान्याता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा प्रमाण पत्र तह उर्तिण गरेको र अधारभुत कम्प्युटर ज्ञान भएको हुनुपर्ने। | प्रारम्भीक छनौट र अन्तर्वाता |
| ११/०८१/८२ | ह.स.चा. | श्रेणी विहिन | ३ | सधारण लेखपढ गर्न जानेको | प्रारम्भीक छनौट र अन्तर्वाता |

**सर्तहरुः**

१. **पेश गर्नुपर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताहरुको प्रतिलिपीहरु, कार्य अनुभव भए सोको कागजात, सवारी चालकको हकमा सवारी चालक अनुमति पत्र, पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गर्ने।
२. अन्य प्रचलित कानुनद्वारा अयोग्य नगरिएको।
३. **दरखास्त दस्तुर** : छैठौं तहका लागि रु १,०००/ (एक हजार मात्र) र अन्य तहका विज्ञाप्नका लागि रु ५००/(पाचँ सय मात्र) गाउँपालिकाको राजश्व शाखामा जम्मा गरि नगदि रसिदको सकल भाउचर दरखास्त फार्मको साथ पेश गर्नुपर्ने।
४. **उमेर** : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, र हलुका सवारी चालकको हकमा १८ बर्ष पुरा भई ५० बर्ष ननाघेको।
५. **दरखास्त दिने अन्तिम मिति** : २०८१/०५/०२ गते आइतबारसम्म।
६. **सम्पर्क मिति** : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट,
७. **परिक्षा मिति** : सम्पर्क मितिको दिन तोकिनेछ,
८. **तलब भत्ता र सेवा सुविधा** : सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
९. **दरखास्त फारम पाउने र बुझाउने स्थान** : चन्द्रनगर गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र।
१०. **परिक्षाको किसिम** : पद अनुसार प्रारम्भीक छनौट, प्रयोगात्मक तथा अन्तर्वाता।
११. दरखास्त फारम पालिकाको वेवसाइट https://chandranagarmun.gov.np मा डाउनलोड गर्न सकिन्छ।
१२. **अन्तर्वार्तामा सोधिने विषयहरु** : सेवा सम्बन्धी, सामान्य ज्ञान, व्यवहारिक ज्ञान र व्यवस्थापन सम्बन्धी।
१३. थप जानकारी कार्यालयको वेभसाइटमा राखिनेछ अथवा कार्यालय समयमा सम्पर्क गर्न हुन।

नोट : प्रारम्भिक योग्यताक्रमको सुचिमा छनौट भएका उम्मेदवारलाई मात्र अन्तर्वातामा समावेश गराईने छ।

# भारतविरुद्ध नेपालको ऐतिहासिक जित

**काठमाडौं/मस–** राजधानीमा जारी काभा महिला भलिबल नेसन्स लिग भलिबल प्रतियोगितामा नेपालले पहिलो पटक भारतलाई पराजित गरेको छ । त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार भएको खेलमा भारतलाई ३-२ को सेटमा पराजित गर्दै नेपालले ऐतिहासिक जित दर्ता गराएको हो । महिला भलिबल प्रतियोगितामा नेपालले पहिलो पटक भारतलाई हराएको हो । जारी प्रतियोगितामा नेपालको यो दोस्रो जित हो ।



निकै प्रतिस्पर्धात्मक खेलमा पहिलो सेट नेपालले २५-१८ ले जित्यो । खेलको दोस्रो सेट भारतले २५-१२ ले आफ्नो पक्षमा पार्‍यो । तेस्रो सेट भने नेपालले जित्यो । नेपालले भारतलाई २५-१७ ले पाखा लागायो । तर चौथो सेट १८-२५ ले गुमाएको नेपालले अन्तिम तथा निर्णायक पाँचौ सेटमा भारतलाई १५-१३ ले पराजित गर्‍यो ।

जारी प्रतियोगिताको आफ्नो पहिलो खेल नेपालले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । नेपालले श्रीलंकालाई २५-१९, २५-१८, र २५-१९ ले पराजित गरेको थियो ।

यस जितसँगै नेपालको दुई खेलबाट ५ अंक पुगेको छ । तीन खेल खेलेको भारत ७ अंक जोडेर शीर्ष स्थानमा छ ।

खेलपछि संक्षिप्त प्रतिक्रिया दिँदै नेपालकी कप्तान अरुणा शाहीले भारतविरुद्धको ऐतिहासिक जितमै आफ्नो टोली सीमित नरहने बताइन् । भारतविरुद्ध पहिलो पटक जीत निकाल्नु खुशीको क्षण रहे पनि आफ्नो टोलीको लक्ष्य अझै पनि बाँकी रहेको उल्लेख गर्दै उनले लिगमा शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुग्ने बताइन् । उनले अबको लक्ष्य इरान जस्तो बलियो टोलीलाई हराउनु पनि रहेको उल्लेख गरिन् ।

उनले जितबाट धेरै उत्साहित नभइ सेमिफाइनल र फाइनलतर्फको खेलमा ध्यान दिने धारणा राखिन् । राम्रो सुरुवातका बावजुद लय बिग्रिए पनि रिकभर गर्न सफल भएको अरुणाको भनाइ थियो । नेपाली महिला भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीश भट्टले सन् २०१६ पछि नेपाली महिला भलिबलको स्तर क्रमशः वृद्धि भइरहेको प्रतिक्रिया दिए ।

यस्तै शनिबार नै भएको अर्को खेलमा इरानले लगातार दोस्रो जित निकालेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा भएको खेलमा इरानले माल्दिभ्सलाई ३-० को सोझो सेटमा हराएको हो । इरानले माल्दिभ्सलाई २५-२१,२५-२०, २५-१६ ले हरायो ।

प्रतियोगिताअन्तर्गत आइतबार दिउँसो ३ बजे हुने पहिलो खेलमा श्रीलंका र माल्दिभ्स भिड्नेछन् भने सवा पाँच बजे हुने दोस्रो खेलमा नेपालले इरानसँग खेल्नेछ । उक्त दुवै खेल त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा हुनेछ ।

प्रतियोगितामा नेपालसहित भारत, श्रीलंका, माल्दिभ्स र इरानको सहभागीता रहेको छ । शीर्ष चार टोलीले सेमिफाइनल खेल्नेछन् ।

# काभा बिच भलिबलमा महिलातर्फ नेपाललाई उपाधि



**काठमाडौं/मस–** काभा बिच भलिबल च्याम्पियनसिपमा महिलातर्फ नेपाल च्याम्पियन बनेको छ भने पुरुषतर्फ दोस्रो भएको छ । भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ राष्ट्रिय रंगशालामा शनिबार सम्पन्न फाइनलमा नेपालले उज्वेकिस्तान 'ए'लाई २-० को सोझो सेटमा पराजित गर्‍यो ।

कमला पुन र मनीषा चौधरीको जोडीले उज्बेकिस्तान ए टोलीलाई २-० को सेटमा पराजित गर्दै उपाधि जितेको हो । नेपालले उज्बेकिस्तान 'ए' लाई २१-१७, २१-१४ ले पराजित गरेको हो ।

सबै खेलमा अपराजित रहँदै नेपालले उपाधि जितेको हो । शनिबार नै भएको सेमिफाइनलमा उज्बेकिस्तान बी टोलीलाई २१-१३, २१-१२ ले पराजित गर्दै नेपाल फाइनल पुगेको थियो ।

दुई वर्षअघि बंगलादेशमा भएको एभिसी बिच भलिबलमा कमला पुन र कोपिला उप्रेतीको जोडीले रजत जितेको थियो ।

यता पुरुषतर्फको फाइनलमा नेपाल पराजित भएको छ । नेपाल माल्दिभ्ससँग २-० को सोझो सेटमा पराजित भयो । मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारको जोडीले खेल १९-२१, १७-२१ ले गुमायो । यो जोडी बंलादेशमा सम्पन्न गत संस्करणमा पनि उपविजेता बनेको थियो ।


## मोटरसाईकल हरायो

मिति २०८१/०३/२१ गते अन्दाजी २२:०० बजेको समयमा भक्तपुर सु.न.पा. कटुन्जे टोल अगाडी पार्किङ गरि राखेको अवस्थामा बा.प्र. ०२–०४० प ०४६८ नम्बरको 200cc NS पल्सर कालो/रातो रङको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**सवारी धनी** : **विक्रम कुवर**
**ईन्जिन नं.** : JLXCMH92869
**च्यासिस नं.** : MD2A36FX5MCH96488
**सम्पर्क नं.** : **९८६११६८२६२**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०४/२०**

इङ्गलिश ई. एण्ड पी. लर्निङ्ग हव प्रा.लि.को २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इङ्गलिस हव प्रा.लि. (प्रा.लि. नं.: २५२८९७)** कायम गर्ने गरी मिति २०८१/०३/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदी र ओमनमा वैदेशिक रोजगारको अवसर

**कम्पनीः HJEEN TRADING COMPANY** — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०४/१८ — चलानी नं.: ६०२२३०३१ — L.T. No.: 308320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ५३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनीः TAKRIM AL BATINAH TRADING** — शहरः Oman
पुर्व स्वीकृत मितिः २०८१/०४/१८ — चलानी नं.: ६०२२३०३० — L.T. No.: 308363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioners | 1 | 0 | स. काममा दक्ष | 150 | ५१,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनीः NEW TRADING ESTABLISHMENT** — शहरः Oman
पुर्व स्वीकृत मितिः २०८१/०४/१८ — चलानी नं.: ६०२२३०२९ — L.T. No.: 308364

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpet Cleaners | 3 | 0 | स. काममा दक्ष | 100 | ३४,५१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २७ गते (11 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदी रु. १०,००० ओमनको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**साथै Lot 308320 को लागि Gulf Return Barista र Lot 308364 को लागि Housekeeping Staff पनि माग भएकोले निःशुल्क परामर्शको कार्यालयमा सम्पर्क गर्नुहोला ।**

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com


## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल साउन महिना २० गते आइतबार)

यस विकास बैंक लि.को विभिन्न शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको सावां, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१. क) शाखा कार्यालय : खोलेसिमल शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **बिक्रम चौधरी**<br>बाबुको नाम : जनक प्रसाद चौधरी<br>बाजेको नाम : आशाराम चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : २०९७/०३५<br>जारी मिति र जिल्ला : २०५१/०५/१५, चितवन | १. नाम : **शिव कान्ती चौधरी**<br>बाबुको नाम : रामजी कुमार महतो<br>पतिको नाम : बिक्रम चौधरी<br>ससुराको नाम : जनक प्रसाद चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : ९७०९<br>जारी मिति र जिल्ला : २०५९/०९/२१, चितवन |

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| २. नाम : **सोह धरिया थरुनी**<br>पतिको नाम : जनक प्रसाद चौधरी<br>ससुराको नाम : आशाराम चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स.वडा नं. ९<br>हालको ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १०<br>ना.प्र.नं. : २४००<br>जारी मिति र जिल्ला : २०४३/०९/२६, चितवन | ३. नाम : **बिशिका चौधरी**<br>बाबुको नाम : बिक्रम चौधरी<br>बाजेको नाम : जनक प्रसाद चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १०<br>हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : ३५-०१-७७-०२८३८<br>जारी मिति र जिल्ला : २०७७/०८/०४, चितवन |

**ख) शाखा कार्यालय : खोलेसिमल शाखा** — **कर्जा शिर्षक : फ्लेक्जी आवधिक कर्जा र व्यापारिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **बिशिका फार्मेसी**
धनीको नाम : बिक्रम चौधरी
र.प.नं. : ३७२०३१९०६४१२४
दर्ता मिति : २०७३/०४/१९
दर्ता स्थान : औषधी व्यवस्था विभाग, शाखा कार्यालय विरगंज
स्थायी लेखा नं. : ३०५०५९२५७
दर्ता ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. २६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **बिक्रम चौधरी**<br>बाबुको नाम : जनक प्रसाद चौधरी<br>बाजेको नाम : आशाराम चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : २०९७/०३५<br>जारी मिति र जिल्ला : २०५१/०५/१५, चितवन | २. नाम : **शिव कान्ती चौधरी**<br>बाबुको नाम : रामजी कुमार महतो<br>पतिको नाम : बिक्रम चौधरी<br>ससुराको नाम : जनक प्रसाद चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : ९७०९<br>जारी मिति र जिल्ला : २०५९/०९/२१, चितवन |

**ग) शाखा कार्यालय : खोलेसिमल शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

नाम : **शिव कान्ती चौधरी**
बाबुको नाम : रामजी कुमार महतो
पतिको नाम : बिक्रम चौधरी
ससुराको नाम : जनक प्रसाद चौधरी
स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६
हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२
ना.प्र.नं. : ९७०९
जारी मिति र जिल्ला : २०५९/०९/२१, चितवन

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **बिक्रम चौधरी**<br>बाबुको नाम : जनक प्रसाद चौधरी<br>बाजेको नाम : आशाराम चौधरी<br>स्थायी ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२<br>ना.प्र.नं. : २०९७/०३५<br>जारी मिति र जिल्ला : २०५१/०५/१५, चितवन | २. नाम : **राम प्रसाद ढकाल**<br>बाबुको नाम : धर्म प्रसाद ढकाल<br>बाजेको नाम : एक देव ढकाल<br>स्थायी ठेगाना : चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ११<br>ना.प्र.नं. : २६२५<br>जारी मिति र जिल्ला : २०४३/१०/२६, चितवन |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०२/११ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| सोह धरिया थरुनी | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ९ | ९क | ९०८ घर समेत | ४५१.५१ | राम सिंह चौधरी | विनय चौधरी | पिच बाटो | मगरी चौधरी |
| | | | ९१० | ३१३७.९६ | रामेश्वर चौधरी | विनय चौधरी | रामेश्वर मर्दनिया | करण चौधरी र सहमतीको बाटा |
| | | | ६६५ | २०३१.५० | कच्ची बाटो | कुलो | करण चौधरी | राम कुमार चौधरी |

**२. शाखा कार्यालय : बेगनासताल शाखा** — **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **प्रिजल किराना स्टोर**<br>प्रोप्राइटरको नाम : प्रताप गुरुङ्ग<br>प्रा.फ.र.नं. : ११८३३/०७३-०७४<br>दर्ता मिति : २०७३/०५/१४<br>स्थायी लेखा नं. : ६०८०१९१३४<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की<br>रजिष्टर्ड ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ | १. नाम : **प्रताप गुरुङ्ग**<br>बाबुको नाम : विर बहादुर गुरुङ्ग<br>बाजेको नाम : डम्बर सिं गुरुङ्ग<br>स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : ४६१००२/५३९<br>जारी मिति र जिल्ला : २०६४/०६/२०, कास्की |

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| २. नाम : **विर बहादुर गुरुङ्ग**<br>बाबुको नाम : डम्बर सिं गुरुङ्ग<br>बाजेको नाम : जितमान गुरुङ्ग<br>स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : ४६/३/००२/१४०५<br>जारी मिति र जिल्ला : २०६३/११/०६, कास्की | ३. नाम : **आस माया गुरुङ्ग**<br>बाबुको नाम : कुल बहादुर गुरुङ्ग<br>पतिको नाम : विर बहादुर गुरुङ्ग<br>ससुराको नाम : डम्बर सिं गुरुङ्ग<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : ४६-०२-७४-०२४०५<br>जारी मिति र जिल्ला : २०७४/०९/१२, कास्की |
| ४. नाम : **प्रविन गुरुङ्ग**<br>बाबुको नाम : विर बहादुर गुरुङ्ग<br>बाजेको नाम : डम्बर सिं गुरुङ्ग<br>स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : ४६-०१-७१-०८००३<br>जारी मिति र जिल्ला : २०७१/०८/१८, कास्की | ५. नाम : **मुना गुरुङ्ग**<br>बाबुको नाम : मन बहादुर गुरुङ्ग<br>पतिको नाम : प्रताप गुरुङ्ग<br>ससुराको नाम : विर बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : ४६-०२-७५-००१६७<br>जारी मिति र जिल्ला : २०७५/०१/२३, कास्की |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/०८/११ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| विर बहादुर गुरुङ्ग | कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. ५ | ०९४१००७०२ | ८३३ | ३६३.६७ | ४८५० | ८३२ | ५५३१ | ५५३९ |
| | | ०९४१००७०२ | ४८५० | १३१९.५४ | ४८४९ | प्रति | बाटो | ५५२९ |
| | | ०९४१००८०१ | ८३२ | ३२५.९१ | ८३३ | बाटो | ५५३३ | ८३१ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०५/०८ गते शनिबार भित्र ऋणी बिक्रम चौधरी बिशिका फार्मेसी र शिव कान्ती चौधरी को हकमा यस बैंकको शाखा कार्यालय खोलेसिमल तथा ऋणी प्रिजल किराना पसल को हकमा यस बैंकको शाखा कार्यालय बेगनासताल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०५/०९ गते आइतबार अर्थात २२ औ दिन दिउसो १:०० बजे ऋणी बिक्रम चौधरी बिशिका फार्मेसी र शिव कान्ती चौधरी को हकमा यस बैंकको शाखा कार्यालय खोलेसिमल तथा ऋणी प्रिजल किराना पसल को हकमा यस बैंकको शाखा कार्यालय बेगनासताल उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



# उपभोक्ताको अधिकारलाई लिएर शून्य सहनशीलताको अवस्था निर्माण गर्नुपर्छ

अबको १५ दिनमा जनैपूर्णिमा छ । जनैपूर्णिमासँगै ठूला चाडपर्वहरुको लगातार सुरुवात हुन्छन्, त्यस्तै, दुई महिनापछि दशैं छ । चाडपर्वको नजिकिँदै गर्दा बजारमा कृत्रिम महँगी पनि बढ्ने गर्छ । उपभोग्य वस्तु दाल, चामल, लत्ता कपडादेखि तरकारी लगायत अत्यावश्यक वस्तुको मूल्यमा कृत्रिम अभाव सृजना गरेर महँगी बढ्ने प्रवृत्ति बिगतदेखि नै देखिँदै आएको पाइन्छ । आउने चाडपर्वमा समेत समयमै सरकारले प्रभावकारी नियमन नगर्ने हो भने यस वर्षको चाडपर्वमा समेत उपभोक्तामा मारमा पर्ने देखिन्छ । प्रस्तुत छ, सोही सन्दर्भमा उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमिल्सिना**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**माधव तिमिल्सिना**
अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च

**चाडपर्व नजिकिँदै गर्दा बजारमा मुल्यवृद्धि नियन्त्रणका लागि सरकारले कस्ता योजना बनाउन आवश्यक छ ?**

हाम्रोमा विगतदेखि नै चाडपर्वको बेला कृतिम मुल्यवृद्धि गराउने समुह नै सक्रिय हुने गरेको छ । बजारमा सरकारको शसक्त उपस्थिती नहुँदा चाडपर्वमा जहिल्यैपनि महँगी बढ्ने गरेको छ । अहिले त चाडपर्व शुरु नहुँदै चामल, दाल, चिनी, तेल, लत्ताकपडा, तरकारी लगायतका वस्तुको मूल्य निरन्तर बढिरहेको छ। आजको भोलि मूल्य फरक पर्न थालेको छ। विशेषगरी बजेटले स्वच्छ बजार कायम गर्नका निमित्त, अखाद्य वस्तुको बेचबिखन, नियन्त्रण, उपभोक्ताको मौलिक अधिकार रक्षा गर्नका लागि नीतिगत तहमा नै बजेटले जे-जे गर्नुपर्ने थियो त्यो भएन्। हाम्रो उत्पादनले कति समयलाई पुग्छ ? कुन समयमा के-के साम्रगी आयात गर्नुपर्छ तथ्यांक समेत सरकारसँग नुहँदा बजारमा चलखेल हुने गरेको छ।

मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको प्राथमिकतामा अझै पनि परेको छैन्। विशेषगरी आपूर्ति सहज गर्न, उपभोक्ताको अधिकारलाई संरक्षण र प्रवर्द्धन गर्ने तर्फ सरकारको प्राथमिकतामा नपरेको देखिन्छ। अघिल्लो वर्ष बजारमा जुन समस्या देखियो यो वर्ष समेत त्यहि समस्या दोहोरिने देखिन्छ। नेपालमा आयातमा प्रतिबन्ध लागेका वस्तु बजारमा खुल्लमखुल्ला पाइन्छ। सरकारले राजस्व समेत प्राप्त गरेको छैन। उपभोक्ताले बढि मूल्य तिर्न परिरहेको छ। बजारमा अहिले लिगल काम गर्ने व्यवसायीहरु टिक्न गाह्रो भएर पलायन भइहरेका छन् तर अवैध काम गर्नेहरुले बजारलाई कब्जा गरेका छन्।

**चाडपर्व लक्षित अनुगमन गर्ने सरकारको योजनामा कत्तिको प्रभावकारी देख्नुहुन्छ ?**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपालको उद्योग क्षेत्रलाई प्रमोर्ट गर्ने आपूर्तीको चेन मिलाउने पर्ने हो भने उपभोक्ताको अधिकार समेत स्थापित गर्ने हो। सरकारबाट बजार सहज बनाउन लागि प्रभावकारी भूमिका देखिदैन। बजार पुग्ने उपभोक्ताले ढुक्कसँग मूल्य, गुणस्तर, नापतौलमा म नठगिएको छैन भने सक्ने अवस्था छैन। नेपालीको घरमा चाडपर्वहरु भित्रिसकेका छन्। अब अत्यावश्यक वस्तुहरु बढाउने खेल शुरु हुनेछ। तर, सरकारको तयारी गरेको देखिँदैन। चाडपर्वमा बढि खपत हुने वस्तुमा यो वा त्यो बाहना गरेर तस्कर र गैरकानुनी व्यापार गर्नेहरुले मुल्य बढाउने छन्। यसलाई नियन्त्रण र नियमन गर्नका निमित्त सरकारको तयारी छैन।

अहिलेपनि उपभोक्ताले सरकार आम नागरिक भन्दापनि बिचौलियाकै पक्षमा चल्छ भन्ने गरेका छन्। एउटा नागरिक बजारमा जादाँ खेरी न्यायोचित मूल्य पाइरहेको छैन। नेपालका सुगमका सहरी क्षेत्रमा सरकारको उपस्थिती देखिदैन भने दुर्गमको अवस्था कस्तो होला ? सरकारसंग नागरिकको धेरै अपेक्षा राखेका छैनन्। बजारमा राज्यको उपस्थिति कमजोर देखिएको कारण बिचौलिया हाबी हुने गरेका हुन्। विगत लामो समयदेखि चाडपर्वमा नेपाली उपभोक्ता आपूर्ति असन्तुलित हुँदा अहिलेपनि समस्या उस्तै छ। यसमा सरकार जिम्मेवार नबन्ने हो भने भोलिको दिन अझै विकराल बन्न सक्छ।

**त्यसो हो भने चाडपर्वमा हुने महँगी नियन्त्रणमा अब के गर्नुपर्छ ?**

अहिलेदेखि नै सरकारले आपूर्ति व्यवस्थापननको लागि पहल कदमी शुरु गर्नुपर्छ। यस्तै चाडपर्वमा हुने अभावलाई नियन्त्रण गर्नका लागि सरकारले जी टु जी मार्फत् अन्य देशसँग समन्वय गर्नुपर्ने देखिन्छ। हिजोको दिनमा उपभोक्ताले चाडपर्वमै अभावको अवस्था भोगिसकेका छन्। बजारमा राम्रा काम गर्ने व्यवसायी पनि छन्। तिनीहरुको पहिचान गराएर सरकारले आग्रह र समन्वय गर्नुपर्छ। उपभोक्तालाई अहिले विकल्प छैन। महँगो भयो भनेपनि त्यसको विकल्प उपभोक्तासँग छैन। उपभोक्ताले समेत कतै बदमासी भएको आंशका भएको छ भने उजुरी गर्न आवश्यक छ। तर त्यसलाई सरकारले तत्काल एक्सन लिन सक्नुपर्छ।

**राज्यको बजारमा उपस्थिति कस्तो पाउनुहुन्छ ?**

अहिले बजारमा राज्यको उपस्थिति शून्य छ। बजार अनुगमन नियमनको अवस्था हेर्ने हो भने आजको दिनमा बजार नीति, उपभोक्ता नीति, आपूर्ति नीति, मूल्य निर्धारण गर्ने प्रक्रिया विधि छैन। बजारलाई स्वच्छ बनाउनका निमित्तको लागि सरकारी तवरबाट काम भएको छैन। राज्यले चार्डपर्वमा मात्र होइन की ३ सय ६५ दिन नै अत्यावश्यक वस्तुको सहज आपूर्ति गर्ने वातावरण बनाउन पर्छ। गाँउघरका जमिन बाँझिएका छन्। व्यापार घाटा बढ्दै गएको छ। पूर्ण रुपमा परनिर्भर बन्नु परेको अवस्था छ। राज्य व्यवसायीको मात्र होइन नागरिकको पनि हो भन्न सकिएको छैन।

राज्यले व्यापार व्यवसाय गर्नेलाई सहजीकरण गर्ने, नियम कानूनलाई सहजीकरण गरिदिने, आपूर्ति सहजता बनादिनुपर्छ भने उपभोक्ता अधिकारको लागि समेत उत्तिकै कडा रुपमा प्रस्तुत हुनुपर्छ। तर अहिले बजारमा राज्यको उपस्थिति कमजोर छ। यहाँ व्यावसायीले राज्य चलाएको हो की भन्ने बजारको अवस्थाले देखाउछ। अस्वभाविक मूल्यवृद्धिको मारमा जनता सधैं परेका छन्।

**तर सरकारको तथ्यांकमा त मूल्यवृद्धि घटिरहेको देखिन्छ नि ?**

राष्ट्र बैंकको तथ्यांक एउटा आउँछ बजारको तथ्यांक अर्को हुन्छ। राष्ट्र बैंकले जुन आधारमा तथ्यांक निकालेको छ त्यो नै बैठिक छ। बजारमा २ हजारको चामल ३ हजार पुगेको छ। केराउ, दाल, चिनी, तेल, तरकारीदेखि लत्ता कपडाको मूल्य निरन्तर बढेको छ। के आधारमा मूल्य घटेको छ तथ्यांकमा, उपभोक्ताले महसुस गर्न सकेका छैनन्। विहान बेलुका काम गरेको परिवार चलाएका आम मध्यम वर्गले कुनैपनि वस्तुको मूल्य घटेको अनुभव गर्न सकेको छैन। यहाँ त बाटोमा पहिरो जाँदा बित्तिकै यहाँ मूल्य बढ्छ। अनुगमन नियमन फितलो छ। आपूर्ति एकिकृत छैन। त्यस्तो बेलाको बजारको सरकारको प्राथमिकता बजारको अनुगमन, आपूर्ति गर्ने, मूल्य गुणस्तर र नापतौलका नियमन अनुगमन नगर्दाको अवस्थामा मूल्यमा मनलाग्दी रुपमा बढ्ने गरेको छ। त्यसैले राष्ट्र बैंक र बजारको अवस्था ठ्याकै विपरित छ।

**अन्त्यमा, दुई ठूला दल मिलेर स्थिर सरकार बनेको छ । सरकारले बजारलाई व्यवस्थित गर्नका लागि के गर्नुपर्छ ?**

बजारलाई स्वच्छ, प्रतिपर्धी बनाउन नियम र कानुनलाई प्रभावकरी रुपमा कार्यान्वयन गर्न र समय सापेक्ष नीति बनाउने नै हो। आम नागरिकलाई सहज डेलिभरीको प्रत्याभूति गर्न आवश्यक छ। अहिले सबै पालिकामा दशैं तिहार चाडपर्वमा गाँउका दुरदराजसम्म पुग्ने हिसावले प्रत्येक पालिका सुपथ मूल्य पसल पुग्नुपर्छ। राम्रा काम गर्नेलाई पुरस्कृत र नराम्रा काम गर्नेलाई कारवाही गर्नुपर्छ। सरकारी तहका आपूर्ति सहज गर्नका लागि भारत लगायत अन्य देशबाट जी टु जी मार्फत् समन्वय आवश्यक छ। हाम्रोमा उत्पादन नहुने वस्तुलाई समयै ल्याउनुपर्छ। अर्को कुरा अब उत्पादन बढाउनका लागि विशेष पहल गर्ने, आत्मनिर्भर बन्नलाई प्रेरित गर्ने कार्यक्रम ल्याउनुपर्छ।

अहिले रोजगारीको लागि भन्दै गाउँका अधिकांश युवा विदेश पलायन भएका छन्। उनीहरुलाई देशमा फर्कने वातावरण बनाउन आवश्यक छ। उनीहरुलाई कृषि अनुदान दिएर अति आवश्यक उत्पादनमा जोड दिने नीति बन्नुपर्छ। अहिले तत्काल भने आपूर्ती सहज बनाउन विभागहरुलाई सक्रिय बनाउने, उद्योग, वाणिज्य तथा आपूर्ति विभाग, खाद्य प्रविधि, नापतौल जस्ता सरकारी निकाय आजैदेखि सक्रिय हुनु पर्ने अवस्था छ। बजारमा कुनै पनि अखाद्य वस्तुको बेचबिखन उत्पादन रोक्न आवश्यक छ। उपभोक्ताको अधिकारलाई लिएर शून्य सहनशीलताको अवस्था निर्माण गरियो भने मात्र बजारमा सुशासन आउन सक्छ।

## दुई महिनामै एक करोड ८० लाखका सुपारीका बिरुवा बिक्री

**झापा/रासस –** जिल्लामा दुई महिनाको अवधिमा एक करोड ८० लाख मूल्य बराबरका सुपारीका बिरुवा बिक्री भएका छन्। सुपारीखेती विस्तार हुन थालेपछि बिरुवाको माग ह्वात्तै बढेको व्यवसायी बताउँछन्। सुपारी उत्पादक किसान सङ्घ नेपालका अध्यक्ष निलकण्ठ तिवारीले जेठ र असार महिनामा स्थानीय सुपारी नर्सरीबाट एक लाख ५० हजार बिरुवा बिक्री भएको बताए। 'अहिले बर्खाको समयमा किसानहरुले सुपारीका बिरुवा रोप्ने गरेका छन्', उनले भने , 'अन्नबालीको तुलनामा बढी आम्दानी हुने भएकाले झापामा सुपारी खेतीको लहर चलेको छ।'

मेचीनगर-११ धाइजनमा निजी नर्सरी सञ्चालन गर्दै आएका नारायण रिजालले यसपाली सुपारीका बिरुवाको माग धान्न हम्मे-हम्मे भइरहेको बताए। जिल्लामा सुपारीखेतीका विस्तारसँगै बिरुवाको माग बढेको उनको ठम्याइ छ। उनले यसपालीको बर्खे अवधिका लागि भनेर १५ हजार बिरुवा हुर्काएका थिए। असारसम्ममा १० हजार बिरुवा बिक्री भइसकेको र अब पाँच हजार बिरुवा नर्सरीमा रहेको उनले जानकारी दिए। बिक्री भएका १० हजार बिरुवाबाट उनले रु १२ लाख आम्दानी गरेका छन्।



किसानहरुले सुपारीका बिरुवा प्रतिगोटा एक सयदेखि एक सय २० सम्ममा किनेर लैजाने गरेका छन्। जिल्लाको मेचीनगर, बुद्धशान्ति, अर्जुनधारालगायतका क्षेत्रमा दर्जनौं अनुभवी किसान र सुपारी सहकारीले सुपारीका बिरुवा बिक्री गर्दै आएका छन्। 'सहकारीले उत्पादन गरेका बिरुवासमेत खरिद गरेर किसानहरुलाई बेच्दै आएको छु', उनले भने, 'माग अनुसारको बिरुवा उपलब्ध गराउन गाह्रो भइरहेको छ।' भारतीय व्यापारीले टिस्यूकल्चर गरिएको, हाइब्रिड जातको र तीन वर्षमै फल्ने भनेर ग्रामीण क्षेत्रमा डुलाएर बिक्री गर्दै आएको सुपारीका बिरुवासँग भने किसानहरु होसियार हुनुपर्ने नर्सरी व्यवसायी रिजाल बताए।

'सुपारीका बिरुवा रोपेको छ वर्षमा फल्ने हो, तीन वर्षमा होइन', उनले भने, 'किसान साथीहरु होसियार हुनुहोस्, टिस्यूकल्चर गरेको सुपारीकै बिरुवा हुँदैन।' सुपारीका बिरुवामा झापा आत्मनिर्भर रहेको हुँदा आयातित बिरुवा प्रयोग नगर्न उनले आग्रह गरे। सुपारी उत्पादक किसान संघ नेपालका अध्यक्ष तिवारीले जिल्लामा तीन हजार छ सय ७५ हेक्टर जमिनमा सुपारीखेती रहेको बताए। केही वर्षयता धान र चियाखेती मासेर किसानहरुले धमाधम सुपारीका बिरुवा रोप्न थालेका कारण सुपारीखेतीको क्षेत्रफल बढिरहेको उनको भनाइ छ।

झापा सुपारीखेतीका लागि उर्वर हावापानीयुक्त स्थान मानिएको छ। हात्ती लगायतका जंगली जनावरले अन्न र तरकारीबाली खाएर क्षति गरिदिने हुँदा किसान वैकल्पिक खेतीको रुपमा सुपारीतर्फ आकर्षित भएका हुन्। खेती गर्न सजिलो, कम लगानी हुने र बढी आम्दानी दिने नगदे बाली भएकाले सुपारीखेतीतर्फ आकर्षित भएका किसानलाई सरकारले समेत प्रोत्साहित गर्दै आएको छ।

नेपाल सुपारीखेती जोन झापाका जिल्ला अध्यक्ष दीपक गौतमले जिल्लाको अर्जुनधारा, मेचीनगर, बुद्धशान्तिका वडालाई समेटर सुपारी जोन घोषणा गरिएको बताए। उनले जोन अन्तर्गत सात सय ७८ हेक्टर क्षेत्रफलमा सुपारीको व्यावसायिक खेती भइरहेको बताए। यहाँका नर्सरीहरुमा उत्पादित सुपारीका बिरुवा किन्न इलाम, मोरङ र सुनसरीदेखिका किसान आउने गरेका छन्। नागबेली सुपारी सहकारी संस्था र रमिते सुपारी सहकारी संस्थाले ठूलो सङ्ख्यामा सुपारीका बिरुवा उत्पादन गरेर बिक्री गरिरहेको जनाएका छन्।

## निर्माण कम्पनीलाई कर्जा प्रवाहमा 'क्रेडिट रेटिङ' गर्नुपर्ने

**काठमाडौं/मस –** नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन गर्दै निर्माण कम्पनीलाई प्रवाह हुने कर्जामा पनि 'क्रेडिट रेटिङ' गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ। लघुवित्त वित्तीय संस्थाबाहेकका बैंक तथा वित्तीय संस्थाहरुले ऋणीलाई कर्जा प्रवाह तथा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ एजेन्सीबाट गरिएको रेटिङलाई कर्जा मूल्यांकनको आधारका रुपमा लिनुपर्ने हुन्छ। हाल ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीको क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्था छ। राष्ट्र बैंकको नयाँ व्यवस्थाअनुसार निर्माण व्यवसायको हकमा ५० करोड वा सो भन्दा बढीको कोषमा आधारित कर्जा र एक अर्ब वा सो भन्दा बढीको गैरकोषमा आधारित कर्जा उपयोग गर्ने ऋणीको पनि क्रेडिट रेटिङ अनिवार्य गरिएको छ।

एकीकृत निर्देशनमा संशोधन गर्दै राष्ट्र बैंकले ऊर्जा बण्डलाई



क्षेत्रगत कर्जाका रुपमा गणना गर्न पाउने व्यवस्था पनि कार्यान्वयनमा ल्याएको छ। 'उर्जा क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थान र पब्लिक लिमिटेड कम्पनीहरुले जारी गरेका ऊर्जा बन्ड लगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरेको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने छ', संशोधित एकीकृत निर्देशनमा भनिएको छ।

त्यसैगरी, कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायतका क्षेत्रका लागि सहुलियतपूर्ण कर्जा दिन सकिने व्यवस्था राष्ट्र बैंकले ल्याएको छ। 'बैंक तथा वित्तीय संस्थाले दुई करोडसम्मको खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, निर्यातजन्य उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्यम व्यवसाय र शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा दुई प्रतिशतसम्म मात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ', एकीकृत निर्देशनको संशोधनमार्फत् राष्ट्र बैंकले भनेको छ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**